जनकपुर
टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५२७४९१
विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com

हार्दिक शुभकामना
मिथिलाको कठोर पर्व जितियाको पावन अवसरमा सम्पूर्ण व्रतालुहरुमा हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं।
जनकपुर टुडे राष्ट्रिय दैनिक
रेडियो टुडे ९१ मेगाहर्ज
टी भी टुडे जनकपुर राष्ट्रिय च्यानल
www.ejanakpurtoday.com
परिवार, जनकपुरधाम

वर्ष २८ • अंक १३६ • २०८३ साल आश्विन १७ गते शनिबार (3 October, Saturday, 2026) • पृष्ठ ८ • मूल्य रु. ५।-

## टिपरको ठक्करबाट एक जनाको मृत्यु, पाँच घाइते



**टुडे समाचारदाता**

सिरहा । सिरहाको कर्जन्हा नगरपालिका-४ स्थित भुल्केमा यात्रुवाहक विद्युतीय गाडीलाई विपरीत दिशाबाट आउँदै गरेको टिपरले ठक्कर दिँदा एक जनाको मृत्यु भएको छ भने पाँच जना घाइते भएका छन्। घाइतेमध्ये दुई जनाको अवस्था गम्भीर रहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

पूर्व-पश्चिम महेन्द्र राजमार्ग अन्तर्गत कर्जन्हा नगरपालिका-४ मा पर्ने भुल्केमा पूर्वबाट पश्चिमतर्फ जाँदै गरेको मप्र ०१-००१ ज ०१२४ नम्बरको विद्युतीय (ईभी) गाडीलाई विपरीत दिशाबाट आउँदै गरेको मप्र ०३-००२ ख ३९९६ नम्बरको टिपरले ठक्कर दिएको छ।

दुर्घटनामा विद्युतीय गाडीमा सवार गोलबजार नगरपालिका-४ की ४५ वर्षीया शोभाकुमारी गम्भीर घाइते भएकी थिइन्। उनको उपचारका क्रममा मृत्यु भएको जिल्ला प्रहरी कार्यालय सिरहाका सूचना अधिकारी रमेशबहादुर पालले जानकारी दिए।

उनको शव परीक्षणका लागि प्रादेशिक अस्पताल सिरहामा राखिएको प्रहरीले जनाएको छ।

दुर्घटनामा घाइतेमध्ये २२ वर्षीया प्रियंका यादवको अवस्था गम्भीर रहेको छ। उनलाई थप उपचारका लागि हेलिकोप्टरमार्फत काठमाण्डुस्थित मेडिसिटी अस्पताल लगिएको सूचना अधिकारी पालले बताए।

त्यस्तै, गोलबजार नगरपालिका-६ की ४५ वर्षीया ललिता महतोलाई थप उपचारका लागि विराटनगर लगिएको उनले जानकारी दिए। दुर्घटनामा घाइते भएका अन्य व्यक्तिहरूको उपचार भइरहेको प्रहरीले जनाएको छ।

दुर्घटनापछि टिपर र त्यसका चालकलाई प्रहरीले नियन्त्रणमा लिएको छ। घटनाबारे थप अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सिरहाले जनाएको छ।

### नेपाली कांग्रेसको १५ औं महाधिवेशन

## आइतबारदेखि शुरु हुने, संस्थापन इतर पक्षको चासो

**टुडे समाचारदाता**

काठमाण्डु। नेपाली कांग्रेस संस्थापन पक्षले इतर पक्षलाई बेवास्ता गर्दै १५औं महाधिवेशन आइतबारदेखि काठमाण्डुको खुलामञ्चमा गर्ने भएको छ। देशका विभिन्न भागमा परेको अविरल वर्षा र त्यसबाट सिर्जित प्राकृतिक विपद्का कारण पूर्वनिर्धारित असोज १६ गतेको कार्यक्रम दुई दिन पछाडि सारिएको छ।

महाधिवेशनका लागि आवश्यक प्राविधिक तथा व्यवस्थापकीय तयारी अन्तिम चरणमा पुगेको कांग्रेसको सूचना, सञ्चार तथा प्रविधि समितिले जनाएको छ। बिहीबार एक विज्ञप्ति जारी गर्दै समितिका संयोजक एवं प्रवक्ता देवराज चालिसेले महाधिवेशनस्थल खुलामञ्चमा मञ्च निर्माण तथा बन्द सत्रका लागि विभिन्न हलको व्यवस्थापन तीव्र पारिएको जानकारी दिएका छन्।

हालैको प्राकृतिक प्रकोपमा परी ठूलो जनधनको क्षति भएको र दर्जनौं नागरिकले ज्यान गुमाएको परिवेशलाई मध्यनजर गर्दै पार्टीले यसपटक महाधिवेशनमा कुनै पनि भड्किलो प्रचारप्रसार नगर्ने निर्णय गरेको छ।

'भदौ १० गते रसुवाको भोटेकोशी नदीमा आएको प्राकृतिक विपद्मा परी अहिले पनि हजारौं मानिस हराइरहेका छन्। सयौं घरपरिवार बिछोडिएको छ। सयौं बालबालिका टुहुरा भएका छन्,' विज्ञप्तिमा उल्लेख गरिएको छ, 'यो परिवेशमा हुन लागेको महाधिवेशनमा प्रचारप्रसारका नाममा कुनै तामझाम नगर्ने निर्णय पार्टीले लिएको छ। कार्यक्रम स्थलमा एउटा मूल गेटबाहेक अरु कुनै प्रचार सामग्री सहर-बजारमा टाँगिनेने छैन। उपत्यकालगायत देशका प्रमुख शहर बजारमा रहेका करिब एक सय डिजिटल बोर्डबाट १५औं महाधिवेशनसम्बन्धी सूचना र सन्देशहरु प्रवाह गर्न शुरु गरिएको छ।' पार्टीले महाधिवेशनका उम्मेदवारहरूलाई समेत डिजिटल माध्यमबाट मात्र प्रचारप्रसार गर्न आग्रह गरेको छ।




### यस्तो छ कार्यतालिका

१५ औं महाधिवेशनमा ७ हजार ७ सयभन्दा बढी निर्वाचित प्रतिनिधिहरू सहभागी हुँदै छन्। केन्द्रीय निर्वाचन समितिले तयार पारेको कार्यतालिका अनुसार असोज १८ गते खुलामञ्चमा उद्घाटन सत्र हुनेछ भने असोज १९ र २० गते बन्द सत्र चल्ने छ। त्यस्तै, असोज २१ र २२ गते नयाँ नेतृत्व चयनका लागि निर्वाचन प्रक्रिया अघि बढ्ने जनाइएको छ।

प्रतिनिधिहरू देश तथा विदेशबाट काठमाण्डु आउने क्रम शुरु भइसकेको छ। आवास व्यवस्थापनका लागि हरेक निर्वाचन क्षेत्र, जिल्ला र प्रदेशबाट संयोजक तोकिएको र काठमाण्डुका विभिन्न क्षेत्र (एयरपोर्ट, गौशाला, सुन्धारा, ठमेल, लाजिम्पाट, कलंकी र नयाँ बसपार्क) मा बसोबासको प्रबन्ध मिलाइएको छ। आवास र यातायातको खर्च सहभागी स्वयम्ले व्यहोर्ने छन् भने भोजनको व्यवस्था भृकुटीमण्डपमा गरिएको छ।

### अतिथि र मिडिया सेन्टर

१५ औं महाधिवेशनको उद्घाटन सत्रमा विभिन्न राजनीतिक दलका शीर्ष नेताहरूलाई आमन्त्रण गरिएको छ। विज्ञप्तिमा जनाए अनुसार नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, नेपाली कम्युनिष्ट पार्टी(नेकपा) का संयोजक पुष्पकमल दाहाल प्रचण्ड, राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का अध्यक्ष रवि लामिछाने, राप्रपाका अध्यक्ष राजेन्द्र लिङ्देन, जसपा नेपालका अध्यक्ष उपेन्द्र यादव, जनमत पार्टीका अध्यक्ष चन्द्रकान्त राउत, श्रम संस्कृति पार्टीका महासचिव आरेन राईलगायतका शीर्षनेताको सहभागिता निश्चित रहेको छ।

त्यस्तै, अन्तर्राष्ट्रिय अतिथिहरूतर्फ सोसलिस्ट इन्टरनेसनलकी कार्यकारी संयोजक चन्ताल काम्बिवा नेपालमा आइसकेको विज्ञप्तिमार्फत जनाइएको छ।

कार्यक्रम स्थलमै प्राथमिक स्वास्थ्य उपचार केन्द्र र मिडिया सेन्टर स्थापना गरिएको चालिसेले जानकारी दिए। मिडिया सेन्टरबाटै १५ औं महाधिवेशन अवधिभर हरेक दिन पत्रकार सम्मेलन आयोजना गरिने छ।

### संस्थापन इतर पक्षको सहभागितामाथि चासो

कांग्रेसको १५औं महाधिवेशनको तयारी भइरहँदा पार्टीभित्रको आन्तरिक राजनीतिक समीकरणसमेत चर्चामा छ। संस्थापन पक्षले महाधिवेशनको तयारी तीव्र बनाइरहेको अवस्थामा संस्थापन इतर पक्षको गतिविधिलाई लिएर पनि राजनीतिक वृत्तमा चासो बढेको छ।

यसैबीच निवर्तमान सभापति शेरबहादुर देउवा पक्ष पनि १५औं महाधिवेशनको तयारीमा जुटेको छ। देउवा पक्षले अहिले देशव्यापी रूपमा वडा तथा पालिका तहमा अधिवेशनको प्रक्रिया अघि बढाइरहेको जनाएको छ।

पार्टीको तल्लो तहदेखि केन्द्रीय नेतृत्वसम्मको संरचना निर्माणका लागि वडा, पालिका, जिल्ला र प्रदेश तहका अधिवेशन महत्वपूर्ण हुने भएकाले यी प्रक्रियाले आगामी महाधिवेशनको नेतृत्व चयनमा प्रभाव पार्नेछ।

## सन्तानको दीर्घायु र सुस्वास्थ्यका लागि जितिया व्रत शुरु

**टुडे समाचारदाता**

जनकपुरधाम। मिथिला-मधेशमा सन्तानको दीर्घायु, सुस्वास्थ्य र सुख-समृद्धिको कामना गर्दै महिलाले मनाउने जितिया पर्वको व्रत सुरु भएको छ। मिथिला-मधेशसहित थारू समुदायमा समेत विशेष महत्वका साथ मनाइने जितिया धार्मिक, सांस्कृतिक र सामाजिक दृष्टिले महत्वपूर्ण पर्व मानिन्छ।



विभिन्न जातजाति र समुदायले आ-आफ्ना चाडपर्व, रीतिरिवाज तथा संस्कृतिमार्फत आफ्नो पहिचान कायम राख्दै आएका छन्। मिथिला-मधेशमा मनाइने प्रमुख पर्वमध्ये जितिया पनि एक हो। सन्तान प्राप्ति, सन्तानको दीर्घायु तथा सुस्वास्थ्य र सन्तानप्रतिको आमाको ममतासँग जोडिएको यो कठोर व्रत परापूर्वकालदेखि महिलाले मनाउँदै आएका छन्।

यस वर्ष शुक्रबार षष्ठी तिथिदेखि तराई-मधेसका महिलाले जितिया व्रतको विधि शुरु गरेका छन्। व्रतालु महिलाले पोखरी, तलाउ वा नदीमा स्नान गरी व्रतको प्रक्रिया शुरु गर्छन्। शनिबार सप्तमी तिथिमा उनीहरू निराहार तथा निर्जल व्रत बस्ने गर्छन्।

व्रतको अघिल्लो दिन महिलाले बिहानै उठेर घर-आँगन लिपपोत गरी चोखो बनाउँछन्। पिना, तेल, घिरौलाको पात, जियलको पात, बाँसको पात र नयाँ लुगा लिएर महिला समूहमा पोखरी, नदी वा जलाशयमा पुग्छन्। त्यहाँ पिनाले स्नान गरी नयाँ लुगा लगाउने र पितृ तथा 'जिमुतवाहन' देवतालाई पिना र तेल चढाउने परम्परा रहि आएको छ।

व्रतको पहिलो दिन व्रतालु महिलाले नदी, पोखरी वा तलाउमा स्नान गरी सूर्यदेवलाई तोरीको तेल र पिनाको अर्घ्य दिएर व्रतको संकल्प लिन्छन्। दिवंगत हजुरआमा, सासूआमालगायत तीन पुस्ताभित्रका नाता पर्ने पितृ महिलालाई तर्पण दिने परम्परा पनि छ। राजविराज नगरपालिका-२ का ७५ वर्षीय शम्भु मिश्रका अनुसार यसलाई 'षोडश मातृका श्राद्ध'समेत भन्ने गरिन्छ।

व्रतको अघिल्लो दिन बेलुकी व्रतालु महिलाले विभिन्न परिकार, दही, मिठाइ, माछा र कोदोको रोटी खाने चलन छ। त्यसपछि अर्कोदिन एकाबिहानै आँगनमा घिरौलाको पातमाथि पितृ तथा जिमुतवाहनलाई दही, चिउरा, चिनी, केरा, मिठाइ, पान र सुपारी चढाउने गरिन्छ।

व्रत बसेको दिन बेलुकी घरमा रहेका छोराको संख्या अनुसार नरिवल, फलफूललगायत पूजाका सामग्री डालीमा राखिन्छ। डालीलाई छोराले मानको पातले छोपिदिने धार्मिक परम्परा रहेको छ। व्रतको समय पूरा भएपछि घरका छोरा वा नातिले डाली खोल्छन्। डालीबाट प्रसाद निकालेर पुनः पितृ तथा जिमुतवाहनलाई चढाएपछि प्रसाद सबैलाई बाँडिन्छ र त्यसपछि व्रतालु महिलाले पानी तथा अन्य खानेकुरा ग्रहण गर्छन्।

जितिया व्रतलाई कठोर व्रतका रूपमा लिइन्छ। व्रत लिइसकेपछि स्वास्थ्यमा समस्या आए पनि व्रत नतोड्ने परम्परा रहेको छ। स्वास्थ्यमा गम्भीर समस्या भएका बिरामीबाहेक सन्तान भएका अधिकांश आमाले सन्तानको दीर्घायु र सुस्वास्थ्यका लागि व्रत बस्ने गरेका छन्।

सन्तान जन्मिनुअघि व्रत शुरु गरेका महिलाले गर्भवती भएपछि पनि व्रतलाई निरन्तरता दिने गरेका छन्। निर्जल व्रतका कारण गर्भवती तथा अन्य व्रतालु महिलालाई स्वास्थ्यसम्बन्धी समस्या हुन सक्ने भए पनि धार्मिक विश्वासका कारण उनीहरू व्रत बस्ने गर्छन्। पानी नखाई व्रत बस्न कठिन भएपछि कतिपयले स्वास्थ्यकर्मीको निगरानीमा स्लाइन चढाएरसमेत व्रत बस्ने गरेको बताइन्छ।

जितिया व्रतमा डाली छोप्ने तथा खोल्ने काम सामान्यतः छोरा, नाति वा श्रीमान्ले गर्ने धार्मिक परम्परा छ। उनीहरू नभएको अवस्थामा छोरी, नातिनी घरमा भए पनि कतिपय परिवारमा आफन्त वा छिमेकीका पुरुषलाई बोलाएर डाली खोलाउने गरिन्छ। अधिकांश परिवारमा भने छोरी वा नातिनीलाई डाली खोल्न नदिने परम्परा अझै कायम छ।

जितिया पर्वले धार्मिक आस्थासँगै सामाजिक सद्भाव र पारिवारिक सम्बन्ध बलियो बनाउनसमेत योगदान पुऱ्याउँदै आएको छ। पछिल्लो समय आफन्त, साथीभाइ तथा छिमेकी मिलेर सामूहिक रूपमा दर खाने परम्परा बढेको छ। लामो समयदेखि भेटघाट हुन नसकेका आफन्त तथा साथीभाइ भेटेर शुभकामना आदानप्रदान गर्ने र सामूहिक रूपमा मिठो-मसिनो खाने प्रचलनले आपसी सम्बन्ध सुमधुर बनाउन सहयोग पुगेको छ।

जितियासम्बन्धी गीत, कथा तथा सांस्कृतिक प्रस्तुतिमार्फत महिलाले आफ्नो प्रतिभा देखाउने अवसरसमेत पाउने गरेका छन्। कम खर्चमा मनाउन सकिने र धार्मिक दृष्टिले समेत महत्वपूर्ण मानिने यो पर्वले प्रकृति र पर्यावरण संरक्षणको सन्देशसमेत दिने गरेको छ। जितियामा जियल, बाँस र घिरौलाका पात अनिवार्य रूपमा प्रयोग गरिने भएकाले प्रकृतिसँगको सम्बन्धलाई पनि यस पर्वले उजागर गर्छ।

सोह्रश्राद्धकै अवधिमा जितिया पर्ने भएकाले पितृप्रतिको सम्मानसँग पनि यसको गहिरो सम्बन्ध रहेको छ। परम्परागत रूपमा छोराले मात्र पितृको श्राद्ध गर्ने धार्मिक मान्यताबीच जितियामा भने महिलाले समेत पितृलाई तर्पण दिने, पानी चढाउने र प्रसाद अर्पण गर्ने परम्परा रहँदै आएको छ। यसले पितृप्रतिको जिम्मेवारीमा महिलाको अहम् भूमिकालाई पनि स्थापित गरेको देखिन्छ।



# चाडपर्व नजिकिएसँगै धरानमा खसीबोकाको कारोबार बढ्यो

सुनसरी।चाडपर्वनजिकिएसँगै धरान उपमहानगरपालिका-१३ स्थित कृषि उपज बजारमा खसीबोकाको कारोबार बढेको छ। कोशी प्रदेशका पहाडी जिल्ला तथा तराईका विभिन्न स्थानबाट खसीबोका खरिद बिक्रीका लागि व्यापारी तथा किसान यहाँ आउने गरेका छन् ।

बजारमा दैनिक रूपमा उपभोग्य वस्तुका साथै खसीबोकाको किनबेच हुने गरेको छ । बिहीबार र शुक्रबार दुई दिन विशेष रूपमा खसीबोकाको बजार लाग्ने छ ।

धरान-१४ का दलबहादुर कथाय विगत १५ वर्षदेखि खसीबोकाको व्यापार गर्दै आउनुभएको छ। उहाँले घरमै खसीबोका पाल्नुभएको छ। यस्तै, धनकुटा, पाँचथरलगायत पहाडी जिल्लाबाट खरिद गरेर ल्याइएका खसीबोका पनि बिक्री गर्ने गरेको उहाँले जानकारी दिनुभयो ।



"व्यापार हो, कहिले नाफा हुन्छ, कहिले घाटा । यही व्यवसायबाट घरखर्च पुगेको छ । यहाँको खसी बजारको व्यवस्थापन राम्रो भएकाले व्यापार गर्न सहज भएको छ", उहाँले भन्नुभयो ।

मोरङको कानेपोखरीका व्यवसायी चन्द्र खड्का प्रत्येक साता खसीबोका खरिद गर्न धरान आउने गर्नुहुन्छ। उहाँले एकपटकमा १०० देखि १५० वटासम्म खसीबोका खरिदबिक्री गर्दै आउनुभएको छ । उहाँले उक्त व्यवसाय थालेको २३ वर्ष भइसकेको बताउनुभयो ।

खड्काले धरानबाट खरिद गरेका खसीबोका काठमाडौं, जनकपुर, लहान, इटहरी, इनरुवा र पोखरालगायत सहरमा बिक्री गर्ने गरेको बताउनुभयो ।

धरान कृषि उपज बजार व्यवस्थापन समितिका अध्यक्ष लक्ष्मण भट्टराईका अनुसार सातामा तीन हजारभन्दा बढी खसीबोका बिक्री हुने गरेका छन् । दसैं, तिहारजस्ता चाडपर्वको समयमा भने हप्तामा १० हजार बढी खसीबोका बिक्री हुने गरेको उहाँले जानकारी दिनुभयो ।

आर्थिक वर्ष २०८२/८३ मा कृषि उपज बजारबाट एक लाख ६० हजार खसीबोका बिक्री हुँदा करिब रु तीन अर्बको कारोबार भएको अध्यक्ष भट्टराईले उल्लेख गर्नुभयो । गत वर्षको चाडपर्वमा मात्रै रु ४६ करोडबराबरको कारोबार भएको थियो । यस वर्ष कारोबार थप वृद्धि हुनसक्ने उहाँको भनाइ छ ।

भट्टराईका अनुसार बजारमा अघिल्ला वर्षहरूको तुलनामा यस वर्ष खसीबोकाको कारोबार १५ प्रतिशतले वृद्धि भइसकेको छ । बजारमा पहाडी जिल्लाका साथै इटहरी, मोरङको कानेपोखरी र बेलबारीलगायत तराईका किसान तथा व्यापारी खसीबोका खरिदबिक्रीका लागि आउने गरेका छन् ।

कोशी प्रदेशकै व्यवस्थित खसीबजारका रूपमा रहेको धरान कृषि उपज बजारले पहाडी जिल्लाका किसानलाई बजार उपलब्ध गराउनुका साथै स्थानीय व्यापार र रोजगारीमा योगदान पुर्याएको अध्यक्ष भट्टराईले बताउनुभयो । रासस

## भोटेकोशी बाढी :

# प्रसनिसहित २५ प्रहरी अझै बेपत्ता, तीन जनाको शव फेला

रसुवा । भोटेकोशीमा गएको बाढीले रसुवाका विभिन्न प्रहरी चौकीहरू बगाउँदा इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी सहायक निरीक्षक अझै बेपत्ता हुनुहुन्छ । बाढीमा परेका २५ जना प्रहरी कर्मचारी अझै बेपत्ता रहेकै अवस्थामा केहीको भने शव फेलापरेको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक एवं प्रवक्ता डिल्लीराज सापकोटाका अनुसार बाढीमा बगेका टिमुरे इलाका प्रहरी कार्यालयका प्रहरी सहायक निरीक्षक रामहरि खड्का, प्रहरी सहायक हवल्दार दीपेन्द्र विष्ट र बेत्रावती प्रहरी चौकीका प्रहरी साहायक निरीक्षक रामकाजी पौडेलको शव फेलापरेको हो ।

बाढीले इलाका प्रहरी कार्यालय टिमुरे, प्रहरी चौकी रसुवागढी, स्याफ्रुबेँसी, बेत्रावती र अस्थायी प्रहरी पोष्ट मैलुङमा ठूलो क्षति पुगेको छ । बाढीले प्रहरी चौकी र भौतिक संरचनाको नामोनिसान छैन, केही क्षतविक्षत भएका छन् ।



प्रहरी वरिष्ठ हवल्दार राजु तामाङका अनुसार बिहान ८:४५ बजेतिर स्याफ्रुबेँसी बजारमा कन्टेनर डिब्बाहरूको लाइन मिलाउने र इन्ट्री गर्ने काम भइरहेको अवस्थामा बाढीको त्यो त्रासदीपूर्ण भएको थियो ।

"बाढीले बजार डुबाउँदै गर्दा म छालमा परेको थिए । पानीको तीव्र बहावले मलाई निकै माथि हुत्याइदियो । करिब २-३ घण्टापछि होस् आउँदा म बजारभन्दा निकै टाढा पुगिसकेका थिए," उहाँले त्यस दिनको घटना सम्झँदै भन्नुभयो, "ब्युँझिएर हेर्दा न त आफू कार्यरत प्रहरी चौकी थियो, न स्याफ्रुबेँसी बजार नै बाँकी थियो । सोही चौकीका अर्का घाइते प्रहरी जवान दिपेश भण्डारीले पनि सङ्घर्ष गर्दै कालको मुखबाट ज्यान जोगाउन सफल भएका थिए ।"

अस्थायी प्रहरी पोष्ट मैलुङमा कार्यरत प्रहरी हवल्दार रोशन विष्टले बाढी आउँदै गरेको खबर पाउनेबित्तिकै जलविद्युत् आयोजनाका कर्मचारीलाई सुरक्षित रहन खबर गर्न दौडिएको बताउनुभयो । तर, खबर गर्दागर्दै करिब५००मिटरमाथिबाटआएको बाढीको लेदो र छालले उनीहरूलाई बगाएको उहाँले सुनाउनुभयो । आफूले विभिन्न आठ ठाउँमा ओत लाग्दै र हिलोमा सङ्घर्ष गर्दै भाग्यवश ज्यान जोगाएको बताउनुभयो । सोही पोष्टका प्रहरी सहायक हवल्दार दुर्गाबहादुर मगर उकालोतिर दौडिएर एउटा सुरक्षित स्थानमा अड्किएर बच्न सफल हुनुभएको थियो ।

टिमुरेमा कार्यरत प्रहरी वरिष्ठ हवल्दार सन्तबहादुर थिङले त्यो दिनको बिहान सम्झना गर्दै भन्नुभयो, "हामी ड्युटीमै थियौं । एक्कासी यति ठूलो बाढी आयो कि त्यो जमिनबाट नभई आकाशमै उडेर आएजस्तो देखिन्थ्यो ।" बाढी आएपछि 'उकालो भागौं, कतै ज्यान बच्छ कि' भन्दै आफू र आफ्ना साथी प्रहरी हवल्दार ज्ञानबहादुर श्रेष्ठ पहाडतर्फ दौडिएर ज्यान जोगाउन सफल भएको उहाँले बताउनुभयो ।

बाढीले अर्बौंको भौतिक क्षति पुर्‍याउनुका साथै ठूलो सङ्ख्यामा सुरक्षाकर्मी र नागरिक बेपत्ता पारेपछि यतिबेला सम्पूर्ण रसुवा जिल्ला शोकमा छ। बेपत्ता इलाका प्रहरी कार्यालय टिमुरेका प्रहरी सहायक निरीक्षकलगायत अन्य प्रहरी कर्मचारीको खोजी अझै तीव्र रूपमा जारी राखिएको जिल्ला प्रहरी कार्यालय रसुवाले जनाएको छ। रासस

# कालीगण्डकीको भेलले बगाएको फर्सेवासीको सपना

म्याग्दी । केही दिनअघिसम्म घर थिए । गोठ थिए। खेतबारी थिए। बालबालिकाको चहलपहल थियो । अहिले त्यहाँ कालीगण्डकीको भेल बगिरहेको छ ।

पर्वतको जलजला गाउँपालिका-८ फर्सेमा यही असोज ११ गतेको बाढीले धेरै परिवारको जीवन नै उल्टाइदिएको छ । वर्षौंको मिहिनेतले बनाएको घर । जोडेको धनसम्पत्ति । पालिएका गाईभैँसी सबै बाढीले बगाएको छ ।

बेनी नगरपालिका-१ रत्नेचौर ढोडेनीकी निर्मला सापकोटाको परिवार लामो समयदेखि फर्सेमा बस्दै आएको थियो । यातायातको सुविधा थियो । कृषि उपज बिक्री गर्न सहज थियो । सोही कारण उहाँको परिवारले फर्सेलाई कर्मथलो बनाएको थियो ।



समाजमा राम्रो आर्थिक हैसियत भएको परिवारका रूपमा चिनिनुहुने निर्मला अहिले आफू शून्यमा पुगेको महसुस गर्नुहुन्छ । "पुर्ख्यौली घर रत्नेचौर भए पनि फर्सेमा व्यवस्थित घर बनाएर सुविधासम्पन्न जीवन बिताइरहेका थियौं", उहाँले भन्नुभयो, "बाढीले शरीरमा भएको एकसरो कपडा र गोठका गाईवस्तुबाहेक सबै बगायो । ज्यान बच्यो, यही ठूलो कुरा हो ।"

निर्मलाको आवाजमा पीडा छ । तर बाँच्ने साहस पनि छ । "गरेर खानेका लागि गाँस, बास, कपास र ओत चाहिने रहेछ भन्ने अहिले महसुस भएको छ", उहाँले भन्नुभयो ।

फर्सेकै विष्णुकुमारी हमालको परिवारको कथा पनि उस्तै छ । व्यापार-व्यवसायका लागि धाइरिङबाट फर्से झरेको परिवारले चारवटा घर बनाएको थियो । उहाँका श्रीमान् डिलबहादुर क्षेत्रीले दूध उत्पादनका लागि शिव तरकारी तथा पशुपालन कृषि फार्म सञ्चालन गर्नुभएको थियो ।

"गाईभैँसीलाई तातोपानीले नुहाइदिन गोठमा सोलार जोडेका थियौं", विष्णुले भन्नुभयो, "हाम्रो सुविधासम्पन्न घरगोठ भएको ठाउँमा अहिले कालीगण्डकी बगेको छ । पुरानो तस्बिरमा घर हेरेर चित्त बुझाउनुबाहेक केही बाँकी रहेन ।"

निरन्तरको वर्षापछि कालीगण्डकीमा आएको बाढीले फर्सेका करिब एक सय परिवार प्रभावित भएका छन् । जलजला गाउँपालिकाका अनुसार ७५ घर बगेर पूर्ण रूपमा क्षति भएका छन्, २७ घर जोखिममा छन् । बाढीबाट विस्थापित ७५ परिवारका १२९ महिला, १४४ पुरुष र पाँच वर्षमुनिका आठ बालबालिका प्रभावित भएका छन् ।

घरबारविहीन परिवारमध्ये अन्यत्र घर नभएका र आफन्तकहाँ आश्रय लिन नसक्नेलाई सुरक्षा निकायको सहयोगमा अस्थायी शिविरमा राखिएको गाउँपालिकाका उपाध्यक्ष दीपक आचार्यले बताउनुभयो । "ज्यान जोगिए पनि वर्षौं मिहिनेत गरेर जोडेको घरघडेरी र धनसम्पत्ति गुमाएको पीडा धेरैमा छ", उहाँले भन्नुभयो ।

**पूर्वसूचनाले जोगायो ज्यान**

फर्सेकी सङ्गीता शर्मालाई यही असोज १० गतेको रात अझै सम्झना छ । ठूलो पानी पर्ने सूचना आएपछि स्थानीय बासिन्दा केही दिनदेखि नै सतर्क थिए । तर कालीगण्डकी यति ठूलो भेलसहित बस्तीमा पस्ला भन्ने कसैले सोचेका थिएनन् ।

असोज १० गते मध्यराति फर्से युवा क्लबका युवाले माइकिङ गरे । त्यसपछि सङ्गीतासहित धेरै परिवार घर छाडेर सुरक्षित स्थानतर्फ लागे । "शरीरमा भएको कपडामात्रै लगाएर झरीमा भिज्दै रातको २:०० बजे सडकमा निस्कियौं", उहाँले भन्नुभयो, "गहना, अन्न, लत्ताकपडा, फर्निचर, भाँडाकुँडा, नगद र महत्त्वपूर्ण कागजात घरमै थिए तर हामीसँग ज्यान जोगाउने समयमात्र थियो ।"

गोठमा बाँधिएका गाईभैँसी फुकाएर भगाउनुपर्यो । घरभित्रका सामान निकाल्ने समय मिलेन । अहिले विस्थापित परिवार दिनमा एकपटक बाढीले बगाएको घर भएको ठाउँतिर पुग्छन् । भग्नावशेष हेर्छन् । विगत सम्झन्छन् । अनि भारी मन लिएर फर्किन्छन् । अस्थायी शिविरमा बसेका बिना, फूलमाया र सुकमाया विकको अवस्था पनि उस्तै छ । साथमा लगाएको कपडाबाहेक घरबाट केही निकाल्न सक्नुभएन ।

"आफ्नै घर भएको ठाउँमा कालीगण्डकी बगेको देख्दा मन भारी हुन्छ", उहाँहरूको भनाइ छ । घर र गोठ डुबानमा परेका परिवार भने बाढीबाट बचेका सामान खोजिरहेका छन् । हिलो पखालिरहेका छन् । घाममा सुकाइरहेका छन् । बाँकी रहेको सामान सुरक्षित ठाउँमा सारिरहेका छन् ।

बाढीले घरसँगै विद्यार्थीका कापी-किताब पनि बगायो । फर्से र बागलुङको ढोडेनी जोड्ने करिब १०० वर्ष पुरानो झोलुङ्गे पुल इतिहासमा सीमित गरिदियो । पुल बगेपछि म्याग्दी र बागलुङतर्फबाट फर्सेको जनकल्याण माध्यमिक विद्यालयमा आउने विद्यार्थीले घुमाउरो बाटो हिँड्नुपर्ने अवस्था आएको छ ।

जलजला-८ का वडाध्यक्ष हरिविकास जिसीका अनुसार पूर्वसूचना र स्थानीयको सतर्कताका कारण मानवीय क्षति हुन पाएन । तर भौतिक क्षति अकल्पनीय भयो । वडाध्यक्ष जिसीको पुर्ख्यौली घर बाढीले बगाएको छ ।

**व्यापारिक केन्द्रबाट कृषि गाउँ**

पञ्चायतकालमा फर्से व्यापारिक केन्द्रका रूपमा चिनिन्थ्यो । बागलुङ, मुस्ताङ र म्याग्दी ओहोरदोहोर गर्नेका लागि यो महत्त्वपूर्ण ठाउँ थियो । सडक विस्तारसँगै फर्सेको स्वरूप बदलियो । व्यापार-व्यवसायबाट स्थानीय बासिन्दा कृषि उद्यमतर्फ लागे । बेनी, कुश्मा र बागलुङ बजार नजिक भएकाले दूध र तरकारी उत्पादन यहाँका बासिन्दाको मुख्य आम्दानीको स्रोत बन्यो ।

कालीगण्डकी करिडोरको मालढुङ्गा-बेनी सडकखण्डमा पर्ने फर्सेबाट सिजनमा दैनिक करिब ८०० लिटर र बेसिजनमा ६०० देखि ७०० लिटरसम्म दूध बिक्री हुने गरेको स्थानीय सङ्गम दुग्ध उत्पादक तथा कृषि सहकारी संस्थाका सचिव खड्ग केसीले बताउनुभयो ।

सहकारीले ४० किसानबाट दूध खरिद गरी बागलुङ पुर्याएर बिक्री गर्दै आएको थियो । तर बाढीपछि किसानको अवस्था फेरिएको छ । "गाईभैँसी पाल्ने ४० मध्ये आधाजसो किसान बाढीबाट प्रभावित भएका छन्", केसीले भन्नुभयो, "बचाइएका गाईभैँसीलाई आहारा र दाना दिन नसक्दा दूध उत्पादन घटेको छ ।" उहाँले बाढी प्रभावित किसानका लागि तत्काल पशु आहारा र दानाको व्यवस्था गर्नुपर्ने बताउनुभयो ।

**बगर बनेको गाउँ फेरि उठ्ने विश्वास**

स्थानीय टीकाराम क्षेत्रीका आँखामा अझै असोज ११ गते बिहानको दृश्य घुमिरहेको छ । बाढी बढ्न थालेपछि साँझ सुरक्षित रूपमा घर छाड्नुभएको थियो । बिहान फर्किँदा घर भेटिएन । "उठ्दै गरेको फर्सेलाई बाढीले लडाइदियो", उहाँले भन्नुभयो, "साहस गरेर फेरि उठ्नेछौं । तर सरकारको साथ चाहिन्छ ।" फर्से टोल विकास संस्थाका अध्यक्ष रामु सुवेदीलाई पनि आफ्नो गाउँ फेरि उठाउन सकिन्छ भन्ने विश्वास छ । तर त्यसका लागि सुरक्षित बसोबास र नदी नियन्त्रण आवश्यक रहेको उहाँको भनाइ छ ।

"यही ठाउँमा पक्की पर्खाल बनाएर नदी नियन्त्रण गरिदिए पेसा-व्यवसाय गरेर पुरानै अवस्थामा फर्किन सकिन्छ", उहाँले भन्नुभयो, "हाम्रो बस्तीलाई बस्नयोग्य बनाइदिनुपर्यो । घर र घडेरी बगेकालाई बसोबासको व्यवस्था गर्नुपर्छ ।"

उहाँले पर्वततर्फ मात्र नभई म्याग्दी र बागलुङतर्फ पनि बस्ती संरक्षणको योजना बनाउनुपर्ने बताउनुभयो । कालीगण्डकीबाट जथाभावी नदीजन्य पदार्थ उत्खनन रोक्नुपर्ने उहाँको माग छ। तत्काल संरक्षणका काम नगरिए कालीगण्डकीले धार परिवर्तन गरी थप बस्ती र सयौं रोपनी खेतीयोग्य जमिन जोखिममा पार्नसक्ने सुवेदीको भनाइ छ । कोरलानाका जोड्ने सडक जोखिममा पर्नसक्ने उहाँले बताउनुभयो ।

**पुन:स्थापनाको पर्खाइ**

जलजला गाउँपालिकाले फर्सेका बाढीपीडितका लागि कर्मचारी खटाएर सचिवालय स्थापना गरेको छ । राहत वितरणलाई एकद्वार प्रणालीबाट सञ्चालन गरिएको छ। जलजलाको फर्सेसहित ताङवाङ, लामाखेत, पालसिङलगायत धेरै ठाउँमा बाढीपहिरोले क्षति गरेको छ। प्रभावित परिवारलाई परिचयपत्रसमेत वितरण गरिएको गाउँपालिका अध्यक्ष राजु आचार्यले बताउनुभयो ।

बिहीबार स्वास्थ्य शाखाको आयोजनामा मनोसामाजिक परामर्शसहित स्वास्थ्य शिविर सञ्चालन गरिएको थियो । जनप्रतिनिधि र कर्मचारीको १४ वटा समूह बाढीपहिरोले पुर्याएको क्षतिको विवरण सङ्कलन गर्न खटिएका छन् ।

फर्सेवासीका लागि दीर्घकालीन सुरक्षित बसोबास, पुनर्निर्माण र बस्ती संरक्षणको योजना आवश्यक रहेको अध्यक्ष आचार्यले बताउनुभयो । त्यसका लागि सङ्घीय र प्रदेश सरकारसमक्ष प्रस्ताव गरिएको उहाँले जानकारी दिनुभयो ।

मङ्गलबार फर्सेको निरीक्षणमा आएका गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले पुनर्निर्माण र पुनर्स्थापनामा सरकारले साथ दिने प्रतिबद्धता व्यक्त गर्नुभएको थियो । कालीगण्डकीको भेलले फर्सेको रूप बदलिदिएको छ । घरका ठाउँमा भग्नावशेष छन् । गोठका ठाउँमा बगर छ । आँगनका ठाउँमा नदीको धार छ ।रासस

# विभिन्न स्वास्थ्य संस्थाका विकास समितिमा पदाधिकारी नियुक्त

काठमाण्डु । स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले सिंहदरबार वैद्यखाना विकास समिति तथा विभिन्न अस्पताल विकास समितिमा अध्यक्ष तथा सदस्य नियुक्त गरेको छ ।

मन्त्रालयको निर्णयअनुसार सिंहदरबार वैद्यखाना विकास समितिको अध्यक्षमा मुनकर्ण थापा नियुक्त हुनुभएको छ । उहाँको नेतृत्वमा वैद्यखानाको संस्थागत व्यवस्थापन, आयुर्वेदिक औषधिको उत्पादन तथा सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने अपेक्षा गरिएको छ ।

त्यस्तै, भेरी अस्पताल विकास समितिको अध्यक्षमा लक्ष्मण सिग्देल र डडेलधुरा अस्पताल विकास समितिको अध्यक्षमा त्रैलोक्यनाथ पाण्डे नियुक्त हुनुभएको छ। भरतपुर अस्पताल विकास समितिको अध्यक्षमा क्षितिज पौडेल तथा सदस्यमा नवराज तिमिल्सिना र अनिता खड्का नियुक्त हुनुभएको छ ।

यसैगरी, बाँकेको सुशील कोइराला प्रखर क्यान्सर अस्पताल विकास समितिको अध्यक्षमा भीमकान्त लामिछाने तथा सदस्यमा मधु न्यौपाने र सञ्जय पाण्डे नियुक्त हुनुभएको छ। नवनियुक्त अध्यक्ष तथा सदस्यहरूले आज मन्त्री मेहतासमक्ष पद तथा गोपनीयताको शपथग्रहण गर्नुभएको छ।

नवनियुक्त पदाधिकारीहरूले सम्बन्धित संस्था तथा अस्पतालको व्यवस्थापन, सेवा विस्तार र सेवा प्रवाहलाई थप प्रभावकारी, गुणस्तरीय तथा नागरिकमैत्री बनाउन आवश्यक भूमिका निर्वाह गर्ने अपेक्षा गरिएको छ। रासस

## ज्योतिष-मार्गदर्शन
प्रसिद्ध ज्योतिषगुरु ई बिबेक

| | |
|---|---|
| **मेष :** | आज तपाईको गुमिसकेको धन हात लाग्ने दिन छ। |
| **वृष :** | दु:खीका लागि बोल्दा फाइदा हुनेछ। |
| **मिथुन :** | उद्योग, कलकारखानामा लगानी गरेको भए फाइदा हुनेछ। |
| **कर्कट :** | अढैया शनिको सामना गर्दै हुनुहुन्छ। |
| **सिंह :** | आज भाग्यस्थानमा शुभग्रहको बहुमत रहेको दिन छ। |
| **कन्या :** | आज तपाईको इच्छा पुरा हुने क्रममा छ। |
| **तुला :** | आफ्नो रुपमा र घरगृहको विरासतमा मन आकर्षित हुनेछ। |
| **वृश्चिक :** | धार्मिक आस्थाप्रति सजगता अपनाउनु होला। |
| **धनु :** | अरुलाई प्रभावित गरेर आफ्नो काम बनाउने योग छ। |
| **मकर :** | धैर्यताका साथ गरेको कामबाट सफलता मिल्नेछ। |
| **कुम्भ:** | दैनिक काममा उत्साह र उमंगको कमी हुनेछ। मन अशान्त हुन सक्छ। |
| **मीन:** | लामो समयदेखि रोकिएका अधुरा काम बन्नेछन्। मन खुशी हुनेछ। |

गुरुजीसङ जन्मकुण्डली हस्तरेखा परामर्स लागी
9812005378

## महत्वपूर्ण टेलिफोन नम्बरहरू

जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | गौतम होटल, बर्दिबास | ०४४-५५००३४ |
| आँखा अस्पताल | ५२०३९७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| | | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |

## नेपाल रेल्वको समय तालिका

**जनकपुरधाम - जयनगर**
बिहान :- ८:३५ बजे
दिउँसो :- ११:४५ बजे
बेलुका :- १५:१५ बजे

**जयनगर - जनकपुरधाम**
बिहान :- १०:०० बजे
दिउँसो :- १३:४५ बजे
बेलुका :- १६:४५ बजे

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : नि:शुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझ | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |

# कमला बचाउका लागि जनकपुरधामबाट देहरादूनसम्मको साइकल यात्रा

टुडे समाचारदाता

जनकपुरधाम । 'कमला बचाउ' अभियानका अभियानीहरु जनकपुरधामदेखि भारतको देहरादुनसम्म ५२ दिने अन्तर्राष्ट्रिय साइकल यात्रा सुरु गरेको छ।



कमला नदी तथा यसको जलाधार क्षेत्रको संरक्षणबारे जनचेतना फैलाउने उद्देश्यले अभियानीहरुले जनकपुरधामस्थित जानकी मन्दिरको प्राङ्गणबाट साइकल यात्रा सुरु गरेको हो । यात्राको उद्घाटन मधेश प्रदेशका प्रदेश प्रमुख डा. सुरेन्द्र लाभले गरेका छन् ।

साइकल यात्राको नेतृत्व भारतका अभियानी अनिल प्रकाश जोशीले गरिरहेको जनाइएको छ। उद्घाटन कार्यक्रममा प्रदेश प्रमुख लाभले जोशीले आफ्नो उमेरको यो चरणमा समेत पर्यावरण तथा नदी संरक्षणको अभियानको नेतृत्व गर्नु प्रशंसनीय रहेको बताए ।

जनकपुरधामबाट सुरु भएको यात्रा भारतका विभिन्न राज्य हुँदै देहरादुन पुगेर सम्पन्न हुनेछ। यात्राका क्रममा बिहार, झारखण्ड, राजस्थान र उत्तर प्रदेश हुँदै देहरादुन पुग्ने कार्यक्रम रहेको आयोजकले जनाएको छ।

कमला नदी र यसको जलाधार क्षेत्रको संरक्षणसँगै नदी तथा जलस्रोतको महत्वबारे नेपाल र भारतका विभिन्न स्थानमा जनचेतना अभिवृद्धि गर्ने उद्देश्य यात्राको रहेको बताइएको छ।

आयोजकका अनुसार कमला नदीसँग प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा जोडिएका समुदायलाई नदी संरक्षणमा सहभागी गराउने तथा जल, पर्यावरण र सांस्कृतिक सम्बन्धका विषयमा दुई देशबीच जनस्तरमा संवाद र सचेतना बढाउने अभियानको उद्देश्य रहेको छ।

५२ दिनसम्म सञ्चालन हुने यात्राले कमला नदीको संरक्षण, जलाधार क्षेत्रको दिगो व्यवस्थापन तथा वातावरण संरक्षणको विषयलाई नेपाल-भारतबीचको साझा सरोकारका रूपमा स्थापित गर्न सहयोग पुग्ने विश्वास अभियानीहरुको रहेको छ।

## जटही नाकामा क्रस-बोर्डर बैठक सम्पन्न

# दुवै देशका सुरक्षा संयन्त्र थप प्रभावकारी बनाउने बारे छलफल

टुडे समाचारदाता

जनकपुरधाम । नेपाल र भारतका सीमा सुरक्षा अधिकारीबीच धनुषाको जटही नाकामा क्रस-बोर्डर बैठक सम्पन्न भएको छ।



बैठकमा खुला सीमाका कारण हुने अवैध गतिविधि, तस्करी तथा सीमा अपराध नियन्त्रणका लागि दुवै देशका सुरक्षा संयन्त्रबीच समन्वय थप प्रभावकारी बनाउने विषयमा छलफल भएको जनाइएको छ।

सशस्त्र प्रहरी बल नेपालका महानिरीक्षक नारायणदत्त पौडेलको संयोजकत्वमा सम्पन्न बैठकमा सीमा क्षेत्रमा हुने अपराधिक गतिविधि नियन्त्रण, अवैध ओसार पसार तथा लागुऔषध कारोबार रोकथामका विषयमा छलफल गरिएको बताइएको छ।

खुला सीमाका कारण एक देशमा अपराध गरी अर्को देशतर्फ भाग्ने तथा सीमापारबाट लागुऔषधलगायत अवैध वस्तुको ओसारपसार हुने चुनौती रहेकाले त्यसको नियन्त्रणका लागि दुवै देशका सुरक्षा निकायबीच सूचना आदानप्रदान, समन्वय र निगरानीलाई थप प्रभावकारी बनाउने विषयमा बैठकमा छलफल भएको महानिरीक्षक पौडेलले जानकारी दिएका छन्।

बैठकमा सीमा क्षेत्रमा हुने तस्करी तथा अन्य अवैध गतिविधिमाथि निगरानी बढाउने, सीमा अपराध नियन्त्रणका लागि आपसी समन्वय कायम गर्ने तथा आवश्यक सूचनाको आदानप्रदानलाई प्रभावकारी बनाउने विषयमा समेत छलफल भएको जनाइएको छ।

बैठकमा नेपाल प्रहरी, सशस्त्र प्रहरी बल नेपाल तथा भारतीय सीमा सुरक्षा बल (एसएसबी) पिपरौनका प्रमुख राजेन्द्रकुमार, सहायक प्रमुख रजनीशकुमार मोरललगायतका अधिकारी सहभागी थिए । जनकपुर भन्सार कार्यालयका कर्मचारीहरूको समेत बैठकमा सहभागिता रहेको थियो।

नेपाल-भारतबीचको खुला सीमाका कारण उत्पन्न हुन सक्ने सुरक्षा चुनौतीलाई संयुक्त प्रयासबाट न्यूनीकरण गर्न यस्ता सीमा समन्वय बैठकले सहयोग पुग्ने सुरक्षा अधिकारीहरूको विश्वास छ।

## बागमती ३ का वडाध्यक्ष मोक्तानको निधन

टुडे समाचारदाता

मलंगवा । सर्लाहीको बागमती नगरपालिका-३ धरहराका वडाध्यक्ष तिलकबहादुर मोक्तानको अल्पायुमै निधन भएको छ।

मुटुसम्बन्धी समस्याबाट पीडित ४७ वर्षीय मोक्तानको शुक्रबार बिहान काठमाडौंमा निधन भएको बागमती नगरपालिकाका कार्यवाहक नगरप्रमुख कृष्णकुमार लामाले जानकारी दिएका छन्।

स्वास्थ्य उपचारका लागि करिब एक महिनाअघि काठमाडौं पुगेका मोक्तानको शहीद गंगालाल राष्ट्रिय हृदय केन्द्र बाँसबारीमा आगामी असोज २२ गते मुटुको शल्यक्रिया गर्ने तयारी गरिएको थियो। तर, शल्यक्रियाको मिति आउनुअघि नै उनको निधन भएको हो।

केही दिनदेखि ज्वरो आएपछि काठमाडौंस्थित आफ्नै कोठामा आराम गरिरहेका मोक्तानको शुक्रबार बिहान निधन भएको बागमती नगरपालिका-२ का वडाध्यक्ष टेकबहादुर बलले जानकारी दिए।

मोक्तान २०७९ सालको स्थानीय तह निर्वाचनमा तत्कालीन नेकपा माओवादी केन्द्रबाट बागमती नगरपालिका-३ को वडाध्यक्षमा निर्वाचित भएका थिए।

# प्रभु बैंकका सीईओ शर्मासहित चार जनाविरुद्ध ठगी मुद्दा

टुडे समाचारदाता

वीरगञ्ज । पर्सा जिल्ला अदालतमा प्रभु बैंकका प्रमुख कार्यकारी अधिकृत (सीईओ) सुमन शर्मासहित चार जनाविरुद्ध ठगी तथा आपराधिक विश्वासघातको मुद्दा दायर भएको छ।




लक्ष्मी सनराइज बैंकको तत्कालीन सीईओ रहेका बेला भएको कर्जा सम्बन्धी विवादलाई लिएर जिल्ला सरकारी वकिल कार्यालय पर्साले शर्मा लगायत चार जनाविरुद्ध मुद्दा दायर गरेको र अदालतले प्रतिवादीहरूका नाममा पक्राउ पुर्जी जारी गरेको बुझिएको छ।

अदालतले मुद्दामा अनुपस्थित रहेका शर्मासहितका प्रतिवादीका नाममा जारी भएको पक्राउ पुर्जी तामेल गरी पठाउन जिल्ला प्रहरी कार्यालय पर्सालाई निर्देशन दिएको छ । पक्राउ पुर्जी जारी भएपछि सीईओ शर्मा कार्यालय जान छाडेका छन् । बैंक स्रोतका अनुसार उनी मंगलबारसम्म कार्यालयमा उपस्थित भएका थिए भने बुधबारदेखि बिदामा बसेका छन्।

शर्माबाहेक मुद्दामा प्रतिवादी बनाइएका अन्यमा लक्ष्मी सनराइज बैंकको वीरगञ्ज शाखाका तत्कालीन नायब प्रबन्धक केदार सिंह, सोही शाखाका वरिष्ठ अधिकृत सुबोध जोशी र केन्द्रीय कार्यालयस्थित कर्जा प्रशासनका तत्कालीन प्रमुख तथा नायब प्रबन्धक रवीन्द्र केसी छन्। वीरगञ्ज महानगरपालिका-१६ स्थित अञ्जली इन्टरनेसनलकी प्रोप्राइटर निर्मला देवीले हार्डवेयर, भवन निर्माण तथा खाद्यान्न व्यापार विस्तारका लागि बैंकसँग थप कर्जा माग गर्दा बन्धक पारित भई ऋण स्वीकृत भएपनि रकम उपलब्ध नगराएपछि तिनीहरुविरुद्ध मुद्दा दायर गरिएको हो।

कर्जा मागका क्रममा तत्कालीन सीईओ शर्मा लगायतका बैंक अधिकारीको संलग्नतामा ३ करोड ८९ लाख १४ हजार रुपैयाँ कर्जा स्वीकृत गरिएको थियो । कर्जा सुरक्षणका लागि निर्मला देवीका छोरा सुनीलकुमार साह तेलीको नाममा बारामा रहेको ६ कठ्ठा जग्गा बैंकको नाममा धितो बन्धक पारित गरिएपनि रकम उपलब्ध नगराइएको अभियोगपत्रमा उल्लेख छ।

जिल्ला प्रहरी कार्यालय पर्साले गरेको अनुसन्धानका आधारमा प्रतिवादीहरूले मिलेमतो गरी जाहेरीकर्ताको जग्गा रोक्का राखेको तर स्वीकृत कर्जा रकम निकासा नगरेको निष्कर्ष निकालेको थियो।

सरकारी वकिल कार्यालयले प्रतिवादीहरूलाई मुलुकी अपराध संहिता, २०७४ को दफा २४९ अनुसार ठगीको कसुरमा सजाय माग गरेको छ । यस्तै, दफा २५२ अनुसार आपराधिक विश्वासघातको कसुरमा पाँच वर्षसम्म कैद र ५० हजार रुपैयाँसम्म जरिवानाको माग गरिएको छ।

# रौतहटमा भेटियो अवैध १ लाख २० हजार अन्तःशुल्क स्टिकर




टुडे समाचारदाता

रौतहट । रौतहटको सीमावर्ती क्षेत्रमा शुक्रबार सशस्त्र प्रहरीले बरामद गरेको १ लाख २० हजार थान अन्तःशुल्क स्टिकरले एउटा गम्भीर प्रश्न उठाएको छ–राज्यले राजस्व संकलनका लागि प्रयोग गर्ने स्टिकर यति ठूलो परिमाणमा भारतबाट अवैध रूपमा नेपालसम्म कसका लागि ल्याइँदै थियो ?

परोहा नगरपालिका-३ तेजापाकड क्षेत्रमा भारतबाटनेपालतर्फल्याउँदैगरिएको अवस्थामा सशस्त्र प्रहरी बल नेपाल, बीओपी सरमुजवाको टोलीले ६ रोल अन्तःशुल्क स्टिकर बेवारिसे अवस्थामा फेला पारेपछि यो प्रश्न थप पेचिलो बनेको हो।

सशस्त्र प्रहरी बल नेपाल नं. ११ गणका अनुसार बरामद स्टिकर नेपाल सरकारको आन्तरिक राजस्व विभागबाट जारी हुने ५० यूपी क्षमताको १८० एमएल मदिराको बोतलमा प्रयोग हुने प्रकृतिका छन्। एउटा रोलमा करिब २० हजारका दरले ६ रोलमा १ लाख २० हजार थान स्टिकर रहेको प्रारम्भिक विवरण छ।

बरामद स्टिकरको संख्या मात्र ठूलो होइन, यससँग जोडिएको राजस्व रकम पनि उल्लेख्य छ । प्रहरीका अनुसार प्रतिस्टिकर ८८ रुपैयाँ २० पैसाका दरले गणना गर्दा यी स्टिकरको अन्तःशुल्क मूल्य मात्रै १ करोड ५ लाख ८४ हजार रुपैयाँ बराबर हुन्छ।

यसको अर्थ, बरामद सामग्री सामान्य कागजी स्टिकर मात्र नभई राज्यको राजस्वसँग प्रत्यक्ष जोडिएको संवेदनशील सामग्री हो। तर सबैभन्दा महत्वपूर्ण प्रश्न अझै अनुत्तरित छ–यी स्टिकर कहाँबाट आए? कसले ल्याउँदै थियो? र कसलाई बुझाउने तयारी थियो ?

### मदिरा उद्योगसम्म पुग्ने थियो त ?

प्रहरीले स्टिकर बरामद गरे पनि अहिलेसम्म यसको अन्तिम गन्तव्य खुलेको छैन। घटनामा कुनै व्यक्ति पक्राउ परेको विवरणसमेत सार्वजनिक गरिएको छैन । तर सीमावर्ती क्षेत्रमा यति ठूलो परिमाणमा मदिरामा प्रयोग हुने अन्तःशुल्क स्टिकर भेटिनुले यसको सम्भावित प्रयोगबारे अनुसन्धानको दायरा फराकिलो बनाएको छ।

जानकारहरूका अनुसार यस्ता स्टिकरको प्रयोग वैध रूपमा उत्पादन भएको मदिराको बोतलमा टाँस्ने वा अवैध रूपमा उत्पादन तथा बिक्री हुने मदिरालाई वैध देखाउने प्रयाससँग जोडिन सक्ने आशंका गर्न सकिन्छ।

रौतहट र आसपासका क्षेत्रमा मदिरा उद्योग तथा डिस्टिलरी सञ्चालनमा रहेकाले बरामद स्टिकरको गन्तव्य स्थानीय मदिरा उत्पादनसँग सम्बन्धित थियो कि थिएन भन्ने विषय अनुसन्धानको महत्वपूर्ण पाटो बन्न सक्छ।

यद्यपि, अहिलेसम्म बरामद स्टिकर कुनै विशेष उद्योग वा व्यक्तिसँग जोडिएको प्रमाण सार्वजनिक भएको छैन।

प्रहरीले बरामद सामग्रीलाई 'अवैध रूपमा ल्याइएको अन्तःशुल्क स्टिकर' भने पनि ती स्टिकर नक्कली हुन्, चोरी भएका हुन् वा अन्य माध्यमबाट अवैध रूपमा प्राप्त गरिएका हुन् भन्ने कुरा परीक्षणपछि मात्रै खुल्नेछ।

सशस्त्र प्रहरीले बरामद स्टिकर आवश्यक अनुसन्धान तथा कारबाहीका लागि आन्तरिक राजस्व कार्यालय सिमरा पठाएको जनाएको छ।

अब अनुसन्धानले स्टिकरको प्रामाणिकता, स्रोत, उत्पादन/प्राप्तिको माध्यम, नेपाल भित्र्याउने व्यक्तिहरू तथा सम्भावित गन्तव्य पहिचान गर्नुपर्ने देखिन्छ।

विशेषगरी सीमावर्ती क्षेत्रमा बरामद भएको तथ्यलाई आधार बनाएर सीमापारबाट सरकारी राजस्वसम्बन्धी सामग्रीको अवैध कारोबार भइरहेको सम्भावनासमेत अनुसन्धानकोदायरामाआउनसक्छ।

अहिलेसम्म भने प्रहरीले स्टिकर ल्याउने व्यक्ति वा यसको सम्भावित प्रयोगकर्ता पहिचान गरिसकेको छैन। एक लाख २० हजार स्टिकरको यो बरामदगीको वास्तविक कथा ती स्टिकर कहाँबाट आए र कहाँ पुग्दै थिए।

## जनकपुरधाममा लगाइएको 'वन वे' सवारी नियम हटाउन माग



टुडे समाचारदाता

जनकपुरधाम । जनकपुरधाम उपमहानगरपालिकाको बजार क्षेत्रभित्र लागू गरिएको एकतर्फी (वन वे) यातायात व्यवस्था हटाउन माग गरिएको छ।

सर्वसाधारण र स्थानीय व्यवसायीहरूलाई सास्ती भएको भन्दै सो व्यवस्था हटाउन वा पुनरावलोकन गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय, धनुषाका सहायक प्रमुख जिल्ला अधिकारी भूदेव झालाई ज्ञापनपत्र बुझाइएको छ।

ज्ञापन पत्रमा जनक चोकदेखि जानकी मन्दिर, रघुपति मिष्ठान भण्डार, अस्पताल रोड हुँदै रामानन्द चोकसम्म पश्चिमबाट पूर्वतर्फ मात्र सवारी सञ्चालन गर्ने व्यवस्था कायम गर्दा त्यस क्षेत्रका स्थानीय बासिन्दा, व्यापारी, व्यवसायी, सेवाग्राही तथा सर्वसाधारणको दैनिक आवतजावतमा गम्भीर कठिनाइ उत्पन्न भएको छ।

एकतर्फी यातायात नियमका कारण चारपाङ्ग्रे सवारी साधन तथा टेम्पुलगायतका गाडीहरू छोटो दुरीको गन्तव्यमा पुग्नका लागि पनि लामो दुरी घुम्नुपर्ने बाध्यता सिर्जना भएकाले एकातिर स्थानीयको समय र आर्थिक भार बढाएको छ भने अर्कोतिर मधेश प्रदेश प्रादेशिक अस्पतालमा उपचारका लागि आउने बिरामी तथा सेवाग्राहीलाई समेत अस्पताल पुग्न निकै अप्ठ्यारो परेकाले यसलाई हटाउन उपयुक्त रहेको उल्लेख छ।

यसका साथै सडक आसपासका व्यापार-व्यवसायमा ग्राहकहरूको सहज पहुँच नहुँदा र सामान ओसारपसारमा समस्या आउँदा व्यापारिक कारोबारमा ठूलो मन्दी आई पसलहरू नै बन्द हुने अवस्थामा पुगेको व्यवसायीहरूको गुनासो रहेको ज्ञापन पत्रमा भनिएको छ।

सडक सुरक्षा र ट्राफिक व्यवस्थापनको आवश्यकतालाई स्वीकार गर्दै स्थानीयको जनजीवन र व्यापार-व्यवसायमा परेको प्रतिकुल प्रभाव तथा हालको चाडपर्वको समयलाई ध्यानमा राखी उक्त सडकखण्डमा दुवैतर्फ सहज आवतजावत गर्न मिल्ने गरी व्यवस्था मिलाउन माग गरिएको छ।

सञ्जीव कुमार साहको नेतृत्वमा बुझाइएको सो ज्ञापन पत्र टोलीमा व्यवसायीहरु मनिष रमण साह, अजय गुप्ता, शंकर साह, संजय साह लगायतका उपस्थिति रहेको थियो।

## लोककल्याणकारी विज्ञापनको रकम बारे महासंघको आपति

टुडे समाचारदाता

काठमाण्डू । लोककल्याणकारी विज्ञापन प्रकाशन गरेबापत पत्रपत्रिकालाई २०८३ असोज महिनासम्म साविककै दररेट भुक्तानी गर्ने बारे सरकारले गरेको निर्णयप्रति नेपाल पत्रकार महासंघले आपत्ति जनाएको छ।

महासंघका महासचिव रामप्रसाद दाहालले शुक्रबार जारी गरेको प्रेस विज्ञप्तिमा विज्ञापन बोर्डले यससम्बन्धमा जारी गरेको सूचना आंशिक रूपमा स्वागतयोग्य भए पनि आफ्ना माग पूर्ण रूपमा सम्बोधन नभएको जनाएको हो।

महासंघले कुनै वैज्ञानिक आधार र कारणबिना सरोकारवाला पक्षसँग सामान्य परामर्शसमेत नगरी छापामाध्यमलाई धरासायी बनाउने उद्देश्यले स्वेच्छाचारी ढङ्गबाट 'छापामाध्यमका लागि लोककल्याणकारी विज्ञापन प्रकाशनसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८३' निर्माण गरिएको आरोप लगाएको छ।

उक्त कार्यविधि तत्काल खारेज गरी सरोकारवाला पक्षसँगको सहमतिका आधारमा मात्र नयाँ व्यवस्था लागू गर्न महासङ्घले पुनः जोडदार माग गरेको छ।

यस्तै, प्रेस काउन्सिल नेपालले राष्ट्रिय, प्रदेश र स्थानीय तहका पत्रपत्रिकाले प्रकाशन गर्ने लोककल्याणकारी विज्ञापनबापतको रकम भुक्तानीमा पाँच सय रुपैयाँको मात्र अन्तर कायम गर्न तथा विज्ञापनको रकम दोब्बर बनाउन पटकपटक गरेको सिफारिस तत्काल कार्यान्वयन गर्न पनि महासंघले माग गरेको छ।

महासंघले सूचना तथा सञ्चार मन्त्रालयले वार्ता, संवाद र सहमतिका माध्यमबाट आफ्ना माग सम्बोधन गर्ने अपेक्षा राखेको जनाएको छ । माग सम्बोधन नभए आन्दोलनलाई थप सशक्त बनाउने चेतावनीसमेत महासंघले दिएको छ।


नेपाल सरकार
अर्थ मन्त्रालय
महालेखा नियन्त्रक कार्यालय
**कोष तथा लेखा नियन्त्रक कार्यालय**
रौतहट, गौर

**धरौटी तथा कार्य सञ्चालन कोष विविध खाताको रकम सदरस्याहा गर्ने सम्बन्धी सूचना**

प्रकाशित मिति: २०८३/०६/१७

यस कार्यालयमा विगत देखि आ.व.२०८२/८३ सम्मको संघीय सरकार तर्फको खाताहरुमा मौज्दात रहेका नामनामेसी र प्रयोजन नखुलेका धरौटी रकम र कार्य सञ्चालन कोषमा मौज्दात रहेका रकमहरु आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ६८ तथा प्रचलित कानून बमोजिम सदरस्याहा गर्नुपर्ने भएकोले जिल्लास्थित सरकारी कार्यालय वा स्थानीय तह वा सम्बन्धित व्यक्ति/संघ संस्थाहरुले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिनभित्र प्रमाण सहित रकम दाबी गर्न निवेदन दिनुहुन अनुरोध गरिन्छ। अन्यथा कानून बमोजिम राजस्व शिर्षकमा दाखिला गरिने व्यहोरा जानकारी गराइन्छ।

सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

कोष तथा लेखा नियन्त्रक कार्यालय
रौतहट, गौर





# जनकपुर टुडेको फेसबुक पेजमा विभिन्न पाठकहरूले पठाएका कविता/गजलहरु

## ।। कमल ।।

हिलोको काखमा जन्मिएँ , तर हिलो बन्न सकिनँ ,
अंध्यारोले घेरे पनि, उज्यालो खोज्न छोडिनँ।
माथि आकाश थियो , तल गहिरो पानि ,
बीचमा मेरो सानो संसार , संघर्षले लेखेको कहानी क्ष
हावाले धेरैपटक मेरो पात हल्लायो ,
पानिका छालहरूले मेरो अस्तित्व डगमगायो ,
तर जराले भनिरह्यो , तिमी यहि बाट उठ्नुपर्छ ,
जहाँ संसारले हिलो देख्छ , तिमी त्यहीबाट फूल्नुपर्छ।
त्यसैले म फुले
हिलोसँग लडेर होइन ,
हिलोभन्दा माथि उठेर,
लेउ छोडी , सूर्यको प्रकाश ओढेर .. क्ष
मेरो सौन्दर्यमा हिलोको दाग छैन,
तर हिलो नभएको ठाउँमा कहि पनि कमलको बाग छैन ।
सबैले भन्न खोजेको आफ्नो आफ्नो व्यथा द्द ।
तर मेरो हरेक पंखुडीमा संघर्षको कथा छ।
म कमल हु टुटेर पनि नझुकेको,
डुबेर पनि नहराएको ,
अँध्यारोभित्रै आफ्नो उज्यालो बोकेको,
लेउ छाँडी सूयको प्रकाश ओढको ।
अँध्यारो सँग नलडी उज्यालो कहाँ हुन्छ र ,
आखिर कमल पनि हिलो लाई चिरेर सजिलै कहाँ फूल्छ र .. ,
तर जराले भनिरहयो, तिमी त्यही बाट उठ्नुपर्छ ,
जहाँ संसारले हिलो देख्छ , तिमी त्यही बाट फूल्नुपर्छ ।



**लेखक:- करिश्मा कुमारी दास ।**
**ठेगाना:- मुडिवा (५)**

## ।। के होला अब खै के भनु ।।

पहिले त योवन आएसी डर हुन्थ्यो।
अब त छोरी जन्मिने बित्तिकै डर हुन्छ।
के होला अब खै के भन्नु।।
कसरी बचाउनु छोरीको जीवन
न आमा बुझ्छ न बहिनी न बुझ्छ संगी साथी
कुन युग सुरु भइसक्यो दरिद्र यो जहान भइसक्यो
न रिस्ता बुझ्छन् नाता न आफ्नो बुझ्छ न आफन्त
घर बाहिर पाइला राख्न मनमा त्रास बढ्यो।
खेल्न जाँदा पढ्न जाँदा नि खै के होला
के हो छोरीको जीवन कसरी छोरी हुर्काउनु
कसरी छोरीको जीवन उज्यालो बनाउनु।।



**नाम :शुशिला महतो (शिक्षिका)**
**ठेगाना: धनुषाधाम**

## 'नबिर्सनु है मलाई'

बोलचाल नभए पनि नबिर्सनु है मलाई,
दूरी भए पनि नबिर्सनु है मलाई।
समय नमिले पनि, कुरा नभए पनि,
मनबाट कहिल्यै नबिर्सनु है मलाई।
बाटो फरक भए पनि, बस्ने ठाउँ फरक भए पनि,
सम्झनामा भने नबिर्सनु है मलाई।
चिठी नलेखे पनि, फोन नगरे पनि,
आँखा चिम्लेर एकपटक नबिर्सनु है मलाई।
जीवनले जे-जे मोड ल्याए पनि
मनको कुनामा नबिर्सनु है मलाई।



**नाम:-निरज कुमार याादव**
**ठेगान :- लक्ष्मीनियाँ गा.पा. ३**

## ।। आखिर के नै रहेछ र जिन्दगी ।।

हरपल, हरसमय, हरघडी,
आखिर के नै रहेछ र जिन्दगी !
यहाँ दुःख र पीडाकै आँधी चल्ने रहेछ,
भ्रमको दियो मनमा बल्ने रहेछ ।
आखिर के नै रहेछ त बोझ भनी ,
तब मात्र बुझेँ मैले ए जिन्दगी !
जब पानीमा तैरिएको लास देखेँ ,तब बुझेँ-
बोझ त एकमुठी सास पो रहेछ जिन्दगी !
मनमा प्रश्न उठ्थ्यो, के हो भनी जीवन ?
अहिले बुझ्दै छु, ए निष्ठुरी संसार !
पानीको फोकाजस्तै मेटिई जाने,
एक क्षणिक खेल पो रहेछ यो जीवन ।
सास र शरीरको सम्बन्ध पनि,
सियो र धागोजस्तै रहेछ यहाँ,
बुझ्दै जाँदा त नुनबिनाको
तिहुनजस्तै पो रहेछ जिन्दगी यहाँ ।



**लेखक :पर्वत राज रखाल (पर्खाल धनुषा)**
**ठेगाना : ग. चा.न.पा.१ (धनुषा)**

## ।। बात बात पर रुसै छी ।।

बाबत बात पर रुसै छी
कुत्ता जेना क्या भुकै छी
बात यहाँ नै बुझै छी
केकरा दम पर कुदै छी
छोट बात के बढका बन्बै छी
अपने आप के कि सम्झै छी
बुझ नै सकै छी यहाँके चाईल बेहवार
बाल बचाके क्या दैइ छी गायर
अगने अगने घुमै छी कनपुस्की करैछी
घरक काज सुझाई नै हाँ यहाँके
चुल्हीमे आच फुकाइ नै हाँ यहाँ के
खेत पथार लुटाई यहाँ के
बात बात पर रुसै छी
कुत्ता जेना भुकैछी
बात यहाँ के नै बुझै छी
केकरा दम पर कुदैछी



**धनेश्वर ठाकुर**
**धनुषाधाम, ४ लक्ष्मीपुर**
**हाल सात समुद्र पार दोहा कतार**

## ।। जिवन ।।

सपना बोकेर हिँडेको थिएँ,
बाटोमा काँडै काँडा भेटिए,
हरेक पाइला अघि बढ्न खोज्दा पनि
आँखाभरि आँसुका धारा भेटिए।
कहिले रोकिएर सम्झौता भयो,
कहिले परिस्थितिसँग झुक्नु पर्यो,
आफ्नै मान्छेले नबुझ्दा पनि
मनले आफूलाई नै सम्झाउँदै गयो।
समयले परीक्षा लिँदै गयो,
जीवनले पाठ सिकाउँदै गयो,
जति पटक म लडेँ यहाँ,
उति पटक उठ्न सिकाउँदै गयो।
आज पनि यात्रा सकिएको छैन,
अझै धेरै बाटो तय गर्नुछ,
सङ्घर्ष मेरो कथा मात्र होइन,
मेरो भविष्य लेख्ने कलम हो।



**लेखक :- बिरेन्द्र कुमार चौधरी**
**ठेगान:- मिथिला न. पा. :-०३,हरिहरपुर धनुषा**

## "माया मात्र होइन, विश्वास पनि चाहिन्छ"



**नाम: ईन्द्र कुमार महतो**
**ठेगाना: गौशाला न.पा. ८ महोत्तरी**
**हाल बसाईः काठमाडौं**

एउटासँग relation मा बसिसकेपछि उसलाई cheat गरेर दुनिया खोज्दै हिँड्ने बानी छैन मेरो। काममा व्यस्त हुन्छु, tension हुन्छ। जतिबेला पनि बोल्न नभ्याउँला यति बुझिदिनु। तिम्रो समय हुँदा म दगकथ हुन सक्छु त्यति बुझिदिनु। थाहा छ तिमीलाई पनि बोल्न मन लाग्छ, मेरो समय चाहिन्छ। अरे म पनि त तिम्रो प्रेमी हुँ, मलाई पनि त तिम्रो याद आउँछ। माया लाग्छ, याद आउँछ भन्दैमा सधैँ सँगै पनि त हुन सकिन्नँ। केटा मान्छे हुँ, एकछिन बोल्न नपाउँदा तिमीले जस्तो रुन सकिन्नँ। काँधमा जिम्मेवारी छ, अनगिन्ती सपना छन्, त्योभन्दा धेरै हाम्रो भविष्यको चिन्ता छ। एकातिर आमाबुबाको ढल्किँदै गरेको उमेर, अर्कोतिर आफूले केही प्रगति गर्न नसकेको देखेर रातमा निन्द्रा लाग्न छोडेको छ, दिनमा भोक लाग्न छोडेको छ। तिम्रो त गुनासो पोख्नलाई म छु। म कसको अगाडि पोखूँ आफ्नो मनको बहाव?

तिम्रो अगाडि? अहँ, तिमीमा त्यो सबै सुन्ने र सहन सक्ने सामर्थ्य नै छैन। नत उमेर ढल्किँदै गरेको आमाबुबालाई सुनाएर कमजोर बनाउन सक्छु। मनमै गुम्साएर एकान्तमा रुँदै सबैको अगाडि हाँसेको अभिनय गर्नु सिवाय के नै विकल्प छ मसँग? त्यसैमाथि तिमीले नबुझिदिँदा कसले बुझ्ने मलाई? जुन प्रेममा आफ्नै मान्छेमाथि विश्वास हुँदैन, त्यो प्रेमको कुनै भविष्य हुँदैन। त्यसैले माया जति नै विश्वास पनि हुनुपर्छ। मेरो अहिले उमेर छ, भलभचनथ छ, सकेको मेहनत गर्ने हो। यो महत्त्वपूर्ण समयलाई सोना मोना भन्दै बिताउने हो भने पछि पछुताउनुबाहेक कुनै विकल्प रहँदैन। तिमीप्रति पूरा विश्वास बोकेको छु, त्यसैले ढुक्क पनि छु र निर्धक्क आफ्नो काम गरिरहेको छु। विश्वास गर, तिम्रो इच्छा विपरीत कुनै काम गर्ने छैन। मुटुमा सजाएर राख्नेछु, कुनै पल अपमान गर्ने छैन। तिमीले कुनै दिन बिनाकारण छोडेर गए पनि हाम्रो मायाको कसम तिम्रो बदनाम गर्ने छैन।

# '१२ गाउँ २'को 'लालीगुराँस' गीतमा रोमान्टिक बने समीर र कृशु



काठमाण्डु । दसैंको अवसर पारेर असोज ३० गतेबाट प्रदर्शनमा आउन लागेको एक्सन फिल्म '१२ गाउँ २'को दोस्रो रोमान्टिक गीत ' लालीगुराँस' सार्वजनिक गरिएको छ । शिव परियार र सरोदी कुमार (बोरा)को स्वर रहेको गीतमा युग भुसालको शब्द तथा संगीत छ । सरोदी भारतीय गायिका हुन् । उनले भोजपुरी र हिन्दी फिल्मका थुप्रै गीतमा स्वर दिइसकेकी छन् ।

रामजी लामिछानेको कोरियोग्राफीमा तयार भएको गीतको भिडियोमा फिल्मका मुख्य जोडी समीर भट्ट र कृशु शाही (काफिया) रोमान्टिक अवतारमा देखिएका छन् । कृशुले यही फिल्मबाट अभिनेत्रीको रूपमा डेब्यू गरेकी हुन् । महेश पौडेलको छायांकन तथा बन्दे प्रसादको सम्पादन रहेको भिडियोमा हिमाली र पहाडी भूगोलका प्राकृतिक दृश्यलाई आकर्षक ढंगले कैद गरिएको छ ।

विराज भट्टको निर्देशनमा बनेको यस फिल्ममा उनी स्वयं मुख्य भूमिकामा छन् भने अनुप विक्रम शाही, वर्षा इटानी, खुशी कार्की, प्रकाश शाह, सुनिल पोखरेल, कनिज कोइराला, कालु राना, पुष्कर भट्ट, शिवकुमार सिंह, नेहा आरएलशाह, पूर्णबहादुर गन्धर्व, साहिल सिंह ठकुरीलगायतका कलाकारहरूको पनि अभिनय रहेको छ । फिल्मकी निर्माता सरस्वती भट्ट हुन् ।

फिल्ममा महेश पौडेलको डीओपी, राम केसी र राजु लामाको छायांकन, बन्दे प्रसादको सम्पादन, सन्तोष सरकारको लेखन, स्टन्ट सिल्भा र शंकर महर्जनको द्वन्द्व निर्देशन, कालाचरणको पार्श्व संगीत (बीजीएम) तथा गीता गुरप्पाको ध्वनि संयोजन रहेको छ । यो फिल्म २०८१ सालमा प्रदर्शन भएको ब्लकबस्टर फिल्म '१२ गाउँ'को सिक्वेल हो । फिल्मीखबर

# उर्वशीले मागिन् एआई कम्पनीसँग ७ हजार करोड भारु क्षतिपूर्ति

एजेन्सी । बलिउड अभिनेत्री उर्वशी रौतेलाको टोलीले अमेरिकाको लस एन्जलसस्थित बलिउड एआई कम्पनीविरुद्ध कानुनी कारबाही अघि बढाउने बताएको छ । अभिनेत्रीको अनुमति नलिई उनको नाम, तस्बिर र भिडियो प्रयोग गरेको आरोप लगाउँदै टोलीले कम्पनीसँग ७ हजार करोड भारु क्षतिपूर्ति माग गरेको जनाएको छ ।

उक्त एआईका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत शीराज हसनले भने उक्त दाबीलाई हास्यास्पद बताएका छन् ।

**के हो विवाद ?**

यो विवाद बलिउड एआईले उर्वशीको अन्तर्वार्ता लिएपछि सुरु भएको हो । अन्तर्वार्ताका क्रममा उनलाई 'बलिउड र कृत्रिम बुद्धिमत्ताबारे तपाईंको धारणा के छ ? भनेर सोधिएको थियो ।

जवाफमा उर्वशीले भनेकी थिइन्, ' बलिउड ? मलाई लाग्छ, एआई यस्तो विषय हो, जससँग बलिउड जुधिरहेको छ र बलिउड यस्तो क्षेत्र हो, जसलाई म माया गर्छु । त्यसैले म बलिउडलाई माया गर्छु ।'

उक्त अन्तर्वार्ता भाइरल भएपछि उर्वशीको टोलीले मंगलबार इन्स्टाग्राममार्फत आधिकारिक वक्तव्य जारी गर्दै लस एन्जलसस्थित एआई कम्पनीमाथि गम्भीर आरोप लगाएको हो ।



वक्तव्यमा भनिएको छ, 'हामी उपयुक्त कानुनी उपाय अपनाइरहेका छौं । यसअन्तर्गत लस एन्जलसस्थित कम्पनीसँग हाल ७ हजार करोड भारु क्षतिपूर्ति माग गरिएको छ ।'

टोलीले अगाडि भनेको छ, 'आफ्नो एआई कम्पनी बनाउनुहोस् । आफ्नो ब्रान्ड बनाउनुहोस् तर अनुमतिबिना उर्वशीको नाम आफ्नो व्यवसायमा समावेश नगर्नुहोस् टोली उर्वशी ।'

**शीराज हसनले दिए जवाफ**

बलिउड एआई र हलिउड एआईका संस्थापक तथा प्रमुख कार्यकारी अधिकृत शीराज हसनले इन्स्टाग्राम पोस्टमार्फत उर्वशीको टोलीको दाबीको जवाफ दिएका छन् ।

हसनले भनेका छन्, 'उर्वशी, हामीले तपाईंको मुखमा यी शब्द राखेका थिएनौं । मेरो सुझाव छ, जवाफ दिनुअघि कृत्रिम बुद्धिमत्ता र बलिउडको मनोरञ्जन व्यवसायको भविष्यबारे आफूलाई शिक्षित गर्नुहोस् ।'

उनले अगाडि भनेका छन्, 'बलिउड एआई र हलिउड एआई मनोरञ्जनको भविष्य हुन् । एआई चलचित्र, भर्टिकल ड्रामा र यस्ता डिजिटल कलाकार, जो कहिल्यै बूढा हुँदैनन्, धेरै भाषा बोल्छन् । २४ घण्टा काम गर्छन् र जसमा कुनै अहंकार हुँदैन ।'

हसनले थप भने, 'तपाईं आफ्नो जवाफसँग लड्न सक्नुहुन्छ, तर आउँदै गरेको परिवर्तनसँग लड्न सक्नुहुन्न । यसलाई अपनाउनुहोस् । बलिउडमा मनोरञ्जन उद्योगको विकास भइरहेको छ ।'

**एआईको दुरुपयोगप्रति सलमानलेपनिजनाएका थिए असन्तुष्टि**

हालै अभिनेता सलमान खानले रियालिटी कार्यक्रम 'बिग बोस २०' मा एआईको दुरुपयोगप्रति असन्तुष्टि जनाएका थिए ।

सलमानले भनेका थिए, 'एआईको दुरुपयोग भइरहेको छ । कसैले तपाईंको एआई आवाज लिएर अरू कसैलाई गाली गरिदियो । तपाईंलाई थाहा छ, यी मानिसले धेरै व्यक्तिका एआई भिडियो बनाइरहेका छन् । मसमेत एआई भिडियोमा देखिन्छु । केही मानिसलाई म कस्तो छु भन्ने थाहा हुँदैन, उनीहरूले सलमान खान पबमा थियो भनेर पोस्ट गरिदिन्छन् । जसलाई वास्तविकता थाहा छ र जसले यस्तो भिडियो बनाएको छ, उनीहरू कस्ता मानिस हुन् ?'

उनले यस्ता गतिविधिमा संलग्न व्यक्तिलाई जेल पठाउनुपर्ने बताएका थिए । 'एक-दुई जना जेल नपरेसम्म यो सबै रोकिनेवाला छैन । यसका लागि कानुन ल्याउनुपर्छ । सामाजिक सञ्जालमा पनि सेन्सरसिप हुनुपर्छ । म यो विषयलाई अत्यन्त गम्भीरतापूर्वक लिनेछु,' सलमानले भनेका थिए ।

**एआईको दुरूपयोगविरुद्ध अदालत पुगे बलिउड कलाकार**

कृत्रिम बुद्धिमत्ता र डिपफेकको बढ्दो प्रयोगबीच बलिउडका धेरै कलाकार आफ्नो व्यक्तित्वसम्बन्धी अधिकारको संरक्षणका लागि अदालत पुगिसकेका छन् ।

अमिताभ बच्चनले आफ्नो नाम, अनुहार, आवाज र चर्चित संवादको अनधिकृत प्रयोगविरुद्ध अदालतबाट संरक्षण लिएका छन् । सलमान खानले पनि आफ्नो नाम, तस्बिर, आवाज तथा एआईसँग सम्बन्धित अनधिकृत प्रयोगविरुद्ध अदालतको ढोका ढकढक्याएका छन् ।

अनिल कपूरले आफ्नो आवाज, तस्बिर र पहिचानको प्रयोगमा रोक लगाउन माग गरेका छन् । ऐश्वर्या राय बच्चनले डिपफेक र स्वरूप परिवर्तन गरिएका तस्बिरविरुद्ध कानुनी कदम चालेकी छन् ।

ऋतिक रोशनले पनि आफ्नो पहिचान र एआईसँग सम्बन्धित नक्कली सामग्रीको प्रयोगविरुद्ध अदालतको सहारा लिएका छन् । अक्षय कुमारले आफ्नो आवाज, तस्बिर र पहिचानको अनधिकृत प्रयोगविरुद्ध कानुनी कदम चालेका छन् ।

ज्याकी श्रफले आफ्नो नाम, आवाज र ' भिडू' जस्ता पहिचानसँग जोडिएका शब्दको अनधिकृत प्रयोगविरुद्ध संरक्षण पाएका छन् ।

यसैगरी अभिषेक बच्चन, करण जौहर, सोनाक्षी सिन्हा, अर्जुन कपूर र श्रुति हासनले पनि आफ्नो पहिचानको दुरुपयोगविरुद्ध कानुनी राहत मागेका छन् ।

# रोकिएन जितुको फ्लप श्रृंखला !



काठमाण्डु । अभिनेता जितु नेपाल (मुन्द्रे) दीपक-दीपा समूहमा रहँदा असफलता भन्ने नै देखेनन् । उनले सहकार्य गरेका 'छ एकान छ'देखि 'छ माया छपक्कै'सम्म सबै व्यावसायिक रूपमा सफल भए । त्यसबाट उनको आम्दानी पनि राम्रो भयो । तर, महानायक विवादपछि उनी दीपक-दीपा समूहबाट अलगिए । यसपछि उनको करिअर पनि ओरालो लाग्न थालेको छ ।

केही वर्षअघि उनको चर्चित कमेडी शो 'मुन्द्रेको कमेडी क्लब' बन्द भयो । यसपछि फिल्ममा केन्द्रित भएका उनलाई गएको तीन वर्षमा असफलता मात्र हात परेको छ । दीपक-दीपाको समूहबाट अलगिएपछि उनले पहिलो फिल्म 'ह्यारी कि प्यारी' गरे । मुख्य भूमिकामा उनको यो पहिलो फिल्म समेत थियो । तर, न फिल्म सफल भयो न उनको अभिनयकै सराहना भयो ।

यसपछि उनले 'ज्वाइँ साब', 'कार्साङ', 'आइ एम जितबहादुर' र 'कार्की साइँला'मा अभिनय गरिसकेका छन् । तर, यी कुनैले उनलाई व्यावसायिक सफलता दिन सकेनन् । 'आइ एम जितबहादुर' उनी आफैँले निर्माण गरेको फिल्म समेत थियो । तर, यसले नेपालमा चानचुन ३५ लाख मात्रै कमायो । अर्थात् उनी फिल्म निर्माणमा पनि असफल भए ।

उनलाई सबैभन्दा ठूलो धक्का भने 'कार्की साइँला'ले दिएको छ । असोज २ गते प्रदर्शन भएको फिल्मले १० दिनमा ६ लाख पनि कमाउन सकेन । गएको एक दशकमा उनको यो सबैभन्दा कम कमाउने फिल्म हो । एकातिर फिल्मको श्रृंखलाबद्ध असफलता र अर्कोतिर अभिनयमा प्रभाव छाड्न नसक्दा यतिबेला उनी आफ्नै करिअरलाई लिएर चिन्तित हुनुपर्ने अवस्थामा पुगेका छन् । फिल्मीखबर

# आर्थिक कूटनीतिलाई राष्ट्रिय समृद्धिसँग जोड्नुपर्छः परराष्ट्रमन्त्री खनाल



काठमाण्डु । परराष्ट्रमन्त्री शिशिर खनालले नेपालको कूटनीतिलाई राष्ट्रिय आर्थिक हित र समृद्धिको लक्ष्यसँग जोड्नुपर्ने बताउनुभएको छ । विदेश नीतिलाई राजनीतिक तथा कूटनीतिक सम्बन्ध विस्तारमा मात्र सीमित नराखी व्यापार, लगानी, पर्यटन, प्रविधि हस्तान्तरण र रोजगारी सिर्जनाजस्ता आर्थिक प्राथमिकता हासिल गर्ने माध्यमका रूपमा विकास गर्नुपर्ने उहाँले बताउनुभयो ।

एसियन इन्स्टिच्युट अफ डिप्लोमेसी एन्ड इन्टरनेसनल अफेयर्स (आइया) द्वारा आज आयोजित 'समृद्ध नेपालका लागि आर्थिक कूटनीतिः आर्थिक हितसँग विदेश नीतिको सामञ्जस्य' विषयमा परराष्ट्रमन्त्री खनालले प्रस्तुति दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले आर्थिक कूटनीतिलाई नेपालको समग्र विकास रणनीतिको अभिन्न अङ्ग बनाउनुपर्ने बताउनुभयो । उहाँले नेपालको परराष्ट्र नीतिले देशको आर्थिक रूपान्तरण, उत्पादन वृद्धि र अन्तरराष्ट्रिय बजारमा पहुँच विस्तारलाई प्राथमिकतामा राख्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

मन्त्री खनालका अनुसार बदलिँदो विश्व अर्थव्यवस्था, क्षेत्रीय प्रतिस्पर्धा र भू-राजनीतिक परिस्थितिका बीच नेपालले आफ्नो कूटनीतिक सम्बन्धलाई आर्थिक अवसरमा रूपान्तरण गर्न सक्नुपर्छ । त्यसका लागि विदेशस्थित नेपाली नियोगहरूलाई व्यापार, लगानी र आर्थिक सहकार्यका सक्रिय प्रवर्द्धकका रूपमा परिचालन गर्न आवश्यक रहेको उहाँले बताउनुभयो ।

मन्त्री खनालले आर्थिक कूटनीति सरकारको एउटा मन्त्रालय वा निकायको मात्र जिम्मेवारी नभई राज्यका सबै निकाय, निजी क्षेत्र, उद्यमी, व्यवसायी र प्रवासी नेपाली समुदायको साझा प्रयासबाट अघि बढाउनुपर्ने उल्लेख गर्नुभयो ।

आर्थिक कूटनीतिमा स्पष्ट राष्ट्रिय प्राथमिकता, संस्थागत समन्वय र परिणाममुखी कार्यशैली आवश्यक रहेको उहाँको भनाइ थियो ।

परराष्ट्रमन्त्री खनालले नेपालको आर्थिक हितअनुकूल अन्तरराष्ट्रिय सम्बन्ध सञ्चालन गर्न स्पष्ट दृष्टिकोण र समन्वित कार्ययोजना आवश्यक रहेको बताउनुभयो । "विदेश नीति निर्माण र कार्यान्वयनमा आर्थिक पक्षलाई प्राथमिकताका साथ समेट्दै कूटनीतिक उपलब्धिलाई ठोस आर्थिक परिणामसँग जोड्नुपर्छ," उहाँले भन्नुभयो । यसका लागि सम्बन्धित सरकारी निकायबीच सहकार्य, निजी क्षेत्रसँग नियमित संवाद र विदेशस्थित नेपाली नियोगहरूको क्षमता अभिवृद्धि आवश्यक रहेको उहाँले बताउनुभयो ।

उहाँले नेपालको निर्यात क्षमता विस्तार र अन्तरराष्ट्रिय बजारमा नेपाली उत्पादनको पहुँच बढाउन पनि आर्थिक कूटनीति उपयोगी हुनुपर्ने बताउनुभयो । नेपाली वस्तु तथा सेवाको बजार पहिचान, व्यापारिक सम्बन्ध विस्तार र आर्थिक साझेदारी विकासमा विदेशस्थित नियोगहरूले सक्रिय भूमिका निर्वाह गर्नुपर्ने उहाँको भनाइ थियो ।

नेपालको प्राकृतिक, सांस्कृतिक र ऐतिहासिक सम्पदालाई अन्तरराष्ट्रिय स्तरमा प्रवर्द्धन गर्दै पर्यटक आगमन वृद्धि गर्न कूटनीतिक माध्यमको प्रभावकारी उपयोग गर्नुपर्ने उहाँले बताउनुभयो । मन्त्री खनालले पर्यटन क्षेत्रको विकासले विदेशी मुद्रा आर्जन, रोजगारी सिर्जना र स्थानीय अर्थतन्त्रलाई गति दिन सक्ने भएकाले यसलाई राष्ट्रिय आर्थिक प्राथमिकतासँग जोड्नुपर्ने बताउनुभयो ।

उहाँका अनुसार आर्थिक कूटनीतिले वैदेशिक सहायता र लगानी परिचालनमा मात्र नभई ज्ञान, सीप, प्रविधि तथा नवप्रवर्तनको आदानप्रदानमा समेत योगदान पुऱ्याउन सक्छ । अन्तरराष्ट्रिय साझेदारीमार्फत नेपालको उत्पादन क्षमता अभिवृद्धि गर्ने र विश्वव्यापी मूल्य शृङ्खलामा सहभागिता बढाउने अवसरको खोजी गर्नुपर्नेमा उहाँले जोड दिनुभयो ।

परराष्ट्रमन्त्री खनालले नेपालको आर्थिक हितअनुकूल अन्तरराष्ट्रिय सम्बन्ध सञ्चालन गर्न स्पष्ट दृष्टिकोण र समन्वित कार्ययोजना आवश्यक रहेको बताउनुभयो । विदेश नीति निर्माण र कार्यान्वयनमा आर्थिक पक्षलाई प्राथमिकताका साथ समेट्दै कूटनीतिक उपलब्धिलाई ठोस आर्थिक परिणामसँग जोड्नुपर्ने उहाँको भनाइ थियो । रासस

## कांग्रेसको १५औँ महाधिवेशन प्रविधिमैत्री बनाइने




ललितपुर । नेपाली कांग्रेसका प्रवक्ता देवराज चालिसेले कांग्रेसको १५औँ महाधिवेशन प्रविधिमैत्री हुने जानकारी गराउँदै प्रचारप्रसारका गतिविधि डिजिटल माध्यमबाट गर्न आग्रह गर्नुभएको छ ।

महाधिवेशनका बारेमा जानकारी दिन पार्टी केन्द्रीय कार्यालय सानेपामा शुक्रबार आयोजित पत्रकार सम्मेलनमा उहाँले महाधिवेशनमा प्रचारप्रसारलाई वातावरणमैत्री बनाउँदै अधिकांश सूचना तथा प्रचार सामग्री डिजिटल माध्यमबाट देशभर प्रसार गरिने बताउनुभयो । उहाँले महाधिवेशन स्थलमा मुख्य प्रवेशद्वार बाहेक अन्य स्थानमा प्रचार सामग्री टाँस्ने काम नगरिने जानकारी दिनुभयो ।

"महाधिवेशनसम्बन्धी सूचना काठमाण्डु उपत्यकासहित देशभर डिजिटल माध्यमबाट प्रचारप्रसार गर्ने तयारी गरिएको छ । महाधिवेशनमा करिब सात हजार ७०० भन्दा बढी प्रतिनिधि सहभागी हुने अनुमान गरिएको छ । सहभागी नेता तथा कार्यकर्तालाई समेत आफ्ना गतिविधि र सन्देश डिजिटल माध्यमबाट सम्प्रेषण गर्न आग्रह गरिएको छ", प्रवक्ता चालिसेले भन्नुभयो ।

महाधिवेशन स्थलमा पत्रकारका लागि दैनिक पत्रकार सम्मेलन तथा समाचार सङ्कलनको आवश्यक व्यवस्था मिलाइएको उहाँले जानकारी गराउनुभयो । उहाँका अनुसार वडा तहमा ९९ प्रतिशत क्रियाशील सदस्य सहभागी भएका छन् ।

अन्तरराष्ट्रिय अतिथिका साथसाथै देशभित्रका विभिन्न राजनीतिक दलका प्रतिनिधिलाई महाधिवेशनमा आमन्त्रण गरिएको प्रवक्ता चालिसेले जानकारी दिनुभयो । महाधिवेशनमा वैचारिक बहससँगै राष्ट्रिय जीवनका विभिन्न क्षेत्रमा योगदान पुऱ्याएका व्यक्तित्वहरूसँग समेत छलफल गरिने उल्लेख गर्दै उहाँले युवा, बेरोजगारी र प्रविधिसँग सम्बन्धित विषयलाई प्राथमिकतामा राखेर नयाँ अवधारणा तथा नीति प्रस्तुत गर्ने तयारी गरिएको बताउनुभयो ।रासस

## सदनमा उठाइएका आवाजबारे सरकार गम्भीर भएन : उपनेता हमाल



काठमाण्डु । नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का संसदीय दलका उपनेता प्रमेशकुमार हमालले सदनमा उठाइएका आवाजबारे सरकार गम्भीर नभएको टिप्पणी गर्नुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा समय लिएर बोल्दै उहाँले गत अधिवेशन अन्त्य भएपछि सरकारले अध्यादेश ल्याएको, चालु अधिवेशनमा सभामुखको निर्देशन पालना नभएको र प्रधानमन्त्री संसद्प्रति जवाफदेही नभएको आरोप लगाउनुभयो । उपनेता हमालले सरकारले गरेका घोषणा, प्रतिबद्धता, कार्यक्रम र बजेटमाथि समीक्षा हुनुपर्ने र लोकतान्त्रिक विधि प्रक्रियालाई पालना गर्नुपर्नेमा जोड दिनुभयो ।

सेवा प्रवाहमा प्रतिबद्धताअनुसार सरकारले काम गर्न नसकेको आरोप लगाउँदै उहाँले सुशासनसहित जनजीविकाका क्षेत्रमा पनि अपेक्षा गरेअनुसार काम नभएको बताउनुभयो । रासस

## संसद् र सरकार दुवैले आफ्नो कार्यशैली बदल्नुपर्छः महामन्त्री आचार्य



काठमाण्डु । राष्ट्रिय स्वतन्त्र पार्टीका (रास्वपा) का महामन्त्री विपीन आचार्यले नागरिकको परिवर्तनप्रतिको उच्च आकांक्षा र राज्य संयन्त्रको सुस्त कार्यशैलीबीचको खाडल पुर्न सरकार र संसद् दुवैले आफ्नो कार्यशैलीमा सुधार गर्नुपर्ने बताउनुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकमा सम्बोधन गर्दै सांसद आचार्यले नागरिकले द्रुत नतिजा खोजिरहेको अवस्थामा राज्यका प्रक्रिया र कार्यशैली अपेक्षाकृत सुस्त रहेका उल्लेख गर्दै समयमै नागरिकका अपेक्षा सम्बोधन गर्न नसके राजनीतिक नेतृत्वप्रति प्रश्न उठ्ने बताउनुभयो ।

उहाँले सरकारको मूल्याङ्कन गर्दा नयाँ नेतृत्वले दशकौँदेखि थुप्रिएको बेथिति, अलपत्र विकास आयोजना र परम्परागत कार्यशैली बोकेको राज्य संयन्त्र सम्हाल्नुपरेको यथार्थलाई ध्यान दिनुपर्ने बताउँदै गठन भएको छ महिना नपुग्दै सरकारको समग्र मूल्याङ्कन गर्नु हतारो हुने धारणा राख्नुभयो ।

सांसद आचार्यले प्रतिपक्षले सरकारको विरोधका लागि विरोध गर्ने परम्परागत शैली त्यागेर तथ्य र तर्कका आधारमा रचनात्मक आलोचना गर्नुपर्ने बताउनुभयो । उहाँले संसदमा जनसरोकारका विषय उठाउने क्रम बढे पनि ती विषयको अभिलेखीकरण, वर्गीकरण, प्राथमिकीकरण र समाधानतर्फ पर्याप्त ध्यान दिनुपर्नेमा जोड दिनुभयो । रासस

# प्रधानमन्त्री कार्यालयले सार्वजनिक गऱ्यो पछिल्लो कार्यप्रगति, विपद्पछिको आवश्यकता मूल्याङ्कन जारी



काठमाण्डु । प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयले गत भदौदेखि हालसम्म गरेका कार्यप्रगति विवरण सार्वजनिक गरेको छ । सिंहदरबारस्थित कार्यालयमा शुक्रबार आयोजित नियमित 'प्रेस बिफ्रिङ' मा कार्यालयका प्रवक्ता सहसचिव हेमराज अर्यालले गत भदौदेखि यही असोज १६ गतेसम्म भएका कार्यप्रगतिका विवरण सार्वजनिक गर्नुभएको हो ।

कार्यालयले सुरु गरेको नियमित साप्ताहिक प्रेस ब्रिफ्रिङ रसुवाको भोटेकोशी नदीमा गएको बाढीका कारण स्थगित भएको र आजदेखि पुनःनियमित रूपमा सुरु भएको प्रधानमन्त्रीका प्रेस तथा अनुसन्धानविज्ञ दीपा दाहालले जानकारी दिनुभयो ।

कार्यालयका प्रवक्ता अर्यालका अनुसार प्रधानमन्त्री वालेन्द्र शाहले यही असोज ६ गतेदेखि १० गतेसम्म संयुक्त राज्य अमेरिकामा आयोजित संयुक्त राष्ट्रसङ्घको ८१औँ महासभामा सहभागी भइ यही असोज ९ गते सम्बोधन गर्नुभयो । उक्त सम्बोधनका क्रममा उहाँले विशेषगरी हालै भोटेकोशीमा गएको विनासकारी बाढीले पुऱ्याएको क्षति र जलवायु सङ्कटलगायत विषयमा जोड दिनुभएको थियो ।

त्यसैगरी, यही असोज ५ गते बसेको सचिवस्तरीय बैठकले दसैँ, तिहार, छठजस्ता चाडपर्व र सक्रिय मनसुनलाई ध्यानमा राखी सडक यातायात अवरुद्ध हुन नदिने तथा अत्यावश्यक सार्वजनिक सेवाहरू नियमित सञ्चालनका लागि सम्बद्ध निकायहरूले जनशक्ति, स्रोतसाधन, यन्त्र तथा उपकरण चुस्तदुरुस्त राख्नेगरी कार्यतालिकासहित आवश्यक व्यवस्था मिलाउने निर्णय गरेको छ । साथै चाडपर्वको समयमा बजारमा हुनसक्ने कालोबजारी, मूल्यवृद्धि तथा अनुचित व्यापारिक गतिविधि नियन्त्रण गर्न संयुक्त बजार अनुगमनलाई प्रभावकारी बनाउनेलगायत निर्णय भएका छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयलगायत सबै सङ्घीय मन्त्रालयका पदाधिकारीहरूको उपस्थितिमा गत भदौ ९ देखि ११ गतेसम्म आर्थिक वर्ष २०८२/८३ को वार्षिक कार्ययोजना कार्यान्वयनको प्रगति समीक्षा र चालु आव २०८३/८४ को वार्षिक कार्ययोजना (नीति तथा कार्यक्रमको विस्तृत कार्यान्वयन योजना) नागरिकले तत्कालै अनुभूति गर्ने कार्यक्रमका सम्बन्धमा निकायगत छलफल एवं समीक्षा गरिएको छ ।

साथै नीति तथा कार्यक्रम, बजेट, शासकीय सुधारका विषयलाई प्राथमिकता दिई सुशासन प्रवर्द्धन, सेवा प्रवाह सुधार, नागरिकले अनुभूति गर्नेस्तरमा पुऱ्याउन तथा विकास व्यवस्थापनलाई चुस्त, समयबद्ध कार्यान्वयनका लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयका सचिवहरू र महाशाखा प्रमुखहरूबीच चालु आव २०८३/८४ का लागि भदौ १८ गते कार्यसम्पादन सम्झौता गरिएको थियो ।

राष्ट्रिय योजना आयोगको नेतृत्वमा सञ्चालन भइरहेको रसुवा बाढीबाट भएको क्षति तथा आवश्यकता पहिचान भई काम सम्पन्न भइसकेको छ भने हाल विपद्पछिको आवश्यकता मूल्याङ्कन भइरहेको कार्यालयले जनाएको छ ।

सहसचिव अर्यालका अनुसार कार्यालयको आयोजनामा यही असोज ५ गतेदेखि ९ गतेसम्म नीति विश्लेषणका लागि तथ्याङ्कीय विश्लेषण क्षमता अभिवृद्धि तालिम कार्यक्रम सम्पन्न भएको छ । नीति विश्लेषण तथा नीतिगत निर्णय प्रक्रियामा तथ्याङ्क र प्रमाणको प्रभावकारी प्रयोग गर्न आवश्यक ज्ञान, सीप तथा व्यावहारिक क्षमता अभिवृद्धि गर्ने उद्देश्यले कार्यक्रम आयोजना गरिएको थियो ।

कार्यक्रममा नेपाल सरकारका विभिन्न मन्त्रालय, निकाय र कार्यालयका उपसचिव तथा शाखा अधिकृतस्तरका नीति तथा योजना तर्जुमा कार्यसँग सम्बन्धित २५ जना प्रशिक्षार्थीको सहभागिता थियो ।

प्रधानमन्त्रीसँग निजी क्षेत्र, नेपाल निर्माण व्यवसायी महासङ्घ, होटल सङ्घ, महिला उद्यमी महासङ्घ, नेपाल हस्तकला महासङ्घ लगायतसँग भएको छलफलपछि भएका निर्णयहरू कार्यान्वयनको प्रगति सम्बन्धमा सरोकारवाला मन्त्रालय (अर्थ मन्त्रालय, उद्योग वाणिज्य तथा आपूर्ति, भूमि व्यवस्था सहकारी तथा सामान्य प्रशासन, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन एवं कृषि, वन तथा पर्यावरण मन्त्रालय) सँग समीक्षात्मक बैठक सम्पन्न भएको छ ।

त्यसैगरी, नीति प्रयोगशालाको प्रभावकारिता सम्बन्धमा प्रस्तुतिकरणसहितको छलफल तथा अन्तरक्रिया सम्पन्न भएको छ । नीति अध्ययन तथा पुनरावलोकनका लागि विभिन्न १२ वटा विषय/क्षेत्रहरू नीति अनुसन्धान प्रतिष्ठानलाई पठाइएको छ ।

सार्वजनिक निकायमा हुने निर्णय प्रक्रियालाई छिटो, सरल, पारदर्शी तथा परिणाममुखी, सूचना तथा सञ्चार प्रविधिमा आधारित, कागजरहित, समयसीमायुक्त तथा नागरिक केन्द्रित गर्न नेपाल सरकार, मन्त्रिपरिषद्ले सरकारी निर्णय प्रक्रिया (सरलीकरण तथा डिजिटल बनाउने) सम्बन्धी नियमावली, २०८३ बनाएको र उक्त नियमावली मिति २०८३ असोज १२ मा नेपाल राजपत्रमा प्रकाशन भइसकेको छ ।

कार्यालयमा रहेको प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा आजसम्म रु १६ अर्ब २८ करोड ३१ लाख ३४ हजार १४२ जम्मा भएको छ । उक्त कोषबाट कोष सञ्चालन समितिको निर्णयतबाट गत भदौ १६ गते रु एक अर्ब राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणअन्तर्गतको विपद् व्यवस्थापन कोषमा निकासा भइसकेको छ । विपद् प्रभावित जिल्ला र स्थानीय तहबाट माग भई आएबमोजिम प्राधिकरणले आवश्यक रकम विपद्व यवस्थापन कोषबाट सम्बन्धित स्थानीय तहमा पठाउने गर्दछ ।

गत असोज १६ गते मानवअधिकारसम्बन्धी छैटौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयनका लागि सङ्घीय समन्वय समितिको बैठक प्रगतिसम्बन्धी समीक्षा कार्यक्रम सम्पन्न गरिएको थियो ।

कार्यालय मातहतको सार्वजनिक खरिद अनुगमन कार्यालयअन्तर्गत विभिन्न सार्वजनिक निकायहरूबाट सिफारिस भइ आएबमोजिम १५ वटा फर्म तथा कम्पनीलाई यस कार्यालयको निर्णयानुसार कालोसूचीमा राखिएको छ । विभिन्सार्वजनिक निकायबाट निर्माण, परामर्श तथा मालसामान सेवा खरिद सम्बन्धमा राय परामर्शका लागि लेखिआएकामा ४९ वटा निकायलाई राय परामर्श प्रदान गरिएको छ ।

यस अवधिमा सार्वजनिक खरिदसम्बन्धी तीनवटा तालिम सञ्चालन गरी विभिन्न सार्वजनिक निकायमा कार्यरत ८३ जना कर्मचारीलाई तालिम प्रदान गरिएको छ । विभिन्न सार्वजनिक निकायसँगको साझेदारीमा १२९ जना कर्मचारीलाई सार्वजनिक खरिदसम्बन्धी तालिम प्रदान गरिएको छ ।

त्यसैगरी सार्वजनिक खरिद नियमावली (१६औँ संशोधन), २०८३ बमोजिम देहायबमोजिम नमूना बोलपत्रसम्बन्धी कागजात परिमार्जन र संशोधन गरी जारी गरिएको छ ।

नीति अनुसन्धान प्रतिष्ठानबाट गत भदौ १० गते गएको विनासकारी बाढीबाट भएको क्षति तथा जलवायु परिवर्तनसँग सम्बन्धित विषयलाई प्राथमिकतामा राखी अनुसन्धान कार्यहरू जारी रहेको कार्यालयको भनाइ छ । चालु आवमा अनुसन्धानतर्फ स्वीकृत २४ वटा परियोजना हाल कार्यान्वयनमा रहेकामा १९ वटा अनुसन्धान सम्पन्न भई प्रतिवेदन तयार भएका छन् । त्यसैगरी अनुसन्धानका तीनवटा प्रतिवेदनहरूको 'कपि-एडिटिङ' सम्पन्न भई प्रकाशनको लागि 'लेआउट' को प्रक्रियामा छन् ।

प्रधानमन्त्री तथा मन्त्रिपरिषद् कार्यालय मातहतको सूचना प्रविधि तथा विद्युतीय शासन कार्यालयले सूचना प्रविधिका प्रणाली खरिदलगायत विषयमा आवश्यक पर्ने दररेट तथा मापदण्ड तयार गरी स्वीकृतिको अन्तिम चरणमा पुगेको छ । सरकारी निकायको 'डेटा स्ट्यान्र्डलाइजेसन' का लागि विभिन्न मन्त्रालय तथा निकायमा भौतिक रूपमा नै उपस्थित भइ 'डेटा म्यापिङ' को काम भइरहेको छ । साथै नेपाल 'इन्टरप्राइज आर्किटेक्चर फ्रेमवर्क' को प्रतिवेदन परामर्शका लागि प्रकाशित भइसकेको कार्यालयले जनाएको छ ।

हेलो सरकारअन्तर्गत वर्तमान सरकार गठन भएको गत चैत १३ गतेदेखि यही असोज १५ गतेसम्म कुल ७७ हजार १२८ वटा गुनासा प्राप्त भएकामा ३१ हजार २८० वटा फछ्र्यौट तथा १७ हजार ५३९ वटा समाधान भएका छन् । कार्यालयका अनुसार रसुवा बाढी, ग्यास अभाव, मलखाद, बिलबिजक जारी नगरेको, उपभोग्य सामग्रीको अभाव, वैदेशिक रोजगारी, चालक अनुमतिपत्र प्रणालीले काम नगरेको, सडक सञ्जाल अवरुद्धलगायत विषयलाई केन्द्रित गरी २४सै घण्टा हेलो सरकार सञ्चालन गरिएको थियो । रासस

## प्रतिनिधिसभाबाट सात विधेयक दफाबार छलफलका लागि समितिमा पठाइयो

काठमाण्डु । प्रतिनिधिसभाको आजको बैठकबाट विभिन्न सात विधेयक सम्बन्धित समितिमा दफाबार छलफलका लागि पठाइयोस् भन्ने प्रस्ताव पारित भएको छ ।

बैठकमा कानुन, न्याय तथा संसदीय मामिलामन्त्री सोविता गौतमले 'केही नेपाल ऐनको व्यवस्था जगाउने विधेयक, २०८३' र 'राष्ट्रिय प्रतिरक्षा विश्वविद्यालय विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो ।

पूर्वाधार विकासमन्त्री सुनिल लम्सालले 'फोहरमैला व्यवस्थापन विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव गर्नुभयो । महिला, बालबालिका लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षामन्त्री सीता बादीले 'महिला बालबालिका, लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यक र सामाजिक सुरक्षासम्बन्धी केही नेपाल ऐन संशोधन गर्ने विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस्' भन्ने प्रस्ताव गर्नुभयो ।



स्वास्थ्य तथा खाद्य स्वच्छतामन्त्री निशा मेहताले 'आमाको दूधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) (पहिलो संशोधन) विधेयक, २०८३', 'सुरक्षित मातृत्व तथा प्रजनन स्वास्थ्य अधिकार (पहिलो संशोधन) विधेयक, २०८३', स्वास्थ्यकर्मी तथा स्वास्थ्य संस्थाको सुरक्षासम्बन्धी (दोस्रो संशोधन) विधेयक, २०८३' र 'रामराजाप्रसाद सिंह स्वास्थ्य विज्ञान प्रतिष्ठान विधेयक, २०८३' लाई दफाबार छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भन्ने प्रस्ताव प्रस्तुत गर्नुभयो । बैठकमा प्रधानमन्त्री वालेन्द्र शाहका तर्फबाट कानुन, न्याय तथा संसदीय मामिलामन्त्री गौतमले 'राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोगको आठौँ वार्षिक प्रतिवेदन, २०८३' पेस गर्नुभयो । बैठकमा सभामा प्रस्तुत हुन नसकेका मौखिक र लिखित प्रश्नका उत्तर सम्बन्धित मन्त्रीले टेबुल गर्नुभयो ।

बैठकमा सभामुख डोलप्रसाद अर्यालले प्रतिनिधिसभा नियमावली, २०८३ अनुसार विविध कारणले १० वा सोभन्दा बढी बैठकमा अनुपस्थित सांसदहरूबाट प्राप्त अनुपस्थितिको सूचनासभाको स्वीकृतिका लागि पेस गर्नुभयो । बैठकको अन्त्यमा चालु अधिवेशनमा भए/गरेका कामबारे सभामुख अर्यालले विवरण प्रस्तुत गर्नुभयो । रासस

## एमालेका मनोनित केन्द्रीय सदस्यको शपथ

काठमाण्डु । नेपाल कम्युनिष्ट पार्टी (एमाले)का अध्यक्ष केपी शर्मा ओलीसमक्ष सो पार्टीका मनोनित केन्द्रीय सदस्यहरूले शुक्रबार पद तथा गोपनीयताको शपथ लिनुभएको छ ।

सो पार्टीको केन्द्रीय कार्यालय च्यासलमा आयोजित कार्यक्रममा अध्यक्ष ओलीले मनोनित केन्द्रीय सदस्यहरूलाई शपथ गराउनुभएको हो । यही असोज ५ देखि ८ गतेसम्म भएको एमाले केन्द्रीय कमिटीको तेस्रो पूर्ण बैठक बैठकले केन्द्रीय




कमिटीमा नयाँ सदस्यहरू मनोनित गर्ने निर्णय गरेको थियो ।

शपथग्रहण गर्ने मनोनित केन्द्रीय सदस्यहरूमा काशीनाथ अधिकारी, देवराज घिमिरे, हरि रिजाल, पासाङ शेर्पा, नरेन्द्र भट्टराई, नन्दराम देवकोटा, धर्म गिरी, नारायण घर्ती, विद्यासुन्दर शाक्य, पाल्देन छोपाङ, विमला घिमिरे, डा शिवमाया तुम्बहाम्फे, जानुका सिंखडा, बिना बास्तोला, शान्तिलाल महत, विनोद पाण्डे, डा प्रेम दङ्गाल, पुष्पराज श्रेष्ठ, मोहम्मद इस्तियाक राई, कौशिला खत्री, सुरेन्द्र उदास, श्रीप्रसाद शर्मा, दीपक साउद, जय गोले तामाङ, धर्मराज निरौला, प्रदीप यादव, डा अब्दुल हुसेन अन्सारी, डिबी कार्की, भवानी खापुङ, बबि चाम्लिङ, विनोद पहाडी, रामप्रित राम र ध्रुव विष्ट रहनुभएको छ । रासस

# एकपक्षीय दबाबमूलक उपाय हटाउन २८ देशको आग्रह

एएफपी। चीन, रूस, इजिप्ट र इरानसहित २८ देशले अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप हुने तथा बहुपक्षीय व्यवस्थालाई कमजोर पार्ने भन्दै एकपक्षीय दबाबमूलक उपाय तत्काल अन्त्य गर्न अन्तर्राष्ट्रिय समुदायलाई आह्वान गरेका छन्।



संयुक्त राष्ट्रसङ्घका लागि चीनका स्थायी प्रतिनिधि फु कङ्गले एकपक्षीय दबाबमूलक उपाय अन्तर्राष्ट्रिय अशान्ति र अव्यवस्थाको प्रमुख कारण बनेको बताउनुभयो। उहाँले विकासोन्मुख देश र त्यहाँका जनताले अझै त्यस्ता उपायको भार वहन गरिरहेको उल्लेख गर्नुभयो।

फुका अनुसार माध्यमिक प्रतिबन्ध र अत्यधिक अनुपालनले त्यस्ता उपायलाई थप जटिल बनाएको तथा यसबाट मानवीय र आर्थिक चुनौती बढ्नुका साथै खाद्य, ऊर्जा र वित्तीय सुरक्षामा जोखिम थपिएको छ।

उहाँले शुल्कलाई एकपक्षीय दबाबको साधनका रूपमा प्रयोग गर्ने क्रम बढ्दा आर्थिक तथा व्यापारिक विषय थप राजनीतिकरण भएको बताउनुभयो। यसले बहुपक्षीय व्यापार प्रणाली र विश्वव्यापी औद्योगिक तथा आपूर्ति शृङ्खलालाई प्रभावित पार्नुका साथै दिगो विकास लक्ष्य हासिल गर्ने प्रयासमा बाधा पुऱ्याएको उहाँले उल्लेख गर्नुभयो।

एकपक्षीय दबाबमूलक उपायले जीवन, स्वास्थ्य, विकास र शिक्षाको अधिकारलगायत आधारभूत मानव अधिकारमा गम्भीर असर पार्ने पनि उहाँले बताउनुभयो।

फुले २८ देशका तर्फबाट केही पश्चिमी देशलाई संयुक्त राष्ट्रसङ्घको बडापत्र र अन्तर्राष्ट्रिय कानूनप्रतिको प्रतिबद्धता पूरा गर्दै सबै एकपक्षीय दबाबमूलक उपाय तत्काल, बिनासर्त र पूर्ण रूपमा हटाउन आग्रह गर्नुभयो। उहाँले संयुक्त राष्ट्रसङ्घीय प्रणाली तथा अन्य अन्तर्राष्ट्रिय संस्थालाई त्यस्ता अभ्यासको विरोध गर्न र प्रभावित देशलाई कठिनाइ कम गर्न सहयोग गर्नसमेत आह्वान गर्नुभयो।

# इथियोपियामा ड्रोन आक्रमणको आशंका, क्षेत्रीय तनाव बढ्यो

एएफपी। इथियोपियाको राजधानी अदिस अबाबामा रहेको सेनाको मुख्यालयमा यसै साता भएका विस्फोट ड्रोन आक्रमणका कारण भएको हुन सक्ने एक कूटनीतिक स्रोतले शुक्रबार जनाएको छ। उत्तरी क्षेत्रमा विद्रोहीसँगको संघर्ष चर्किएपछि इथियोपिया, इरिट्रिया र इजिप्टबीचको कूटनीतिक तनावसमेत बढेको छ। गत साता उत्तरी इथियोपियामा टिग्रे जनमुक्ति मोर्चाले संघीय सेनाविरुद्ध आक्रमण सुरु गरेपछि नयाँ द्वन्द्व भड्किएको हो। यसले सन् २०२० देखि २०२२ सम्म चलेको विनाशकारी गृहयुद्ध पुनः दोहोरिन सक्ने चिन्ता बढाएको छ।

इथियोपिया सरकारले विद्रोहीलाई इरिट्रियाले सहयोग गरिरहेको आरोप लगाउँदै बिहीबार इरिट्रियासँग कूटनीतिक सम्बन्ध तोडेको छ। इथियोपियाले १० जना इरिट्रियाली कूटनीतिज्ञलाई देशनिकाला गर्नुका साथै अस्मारास्थित आफ्नो दूतावास बन्द गरेको छ। जवाफमा इरिट्रियाले पनि सबै कूटनीतिक सम्बन्ध तोड्ने जनाएको छ।

इथियोपियाले एक इजिप्टेली कूटनीतिज्ञलाई समेत देशनिकाला गरेको छ। त्यसपछि इजिप्टले पनि प्रतिशोधस्वरूप एक इथियोपियाली कूटनीतिज्ञलाई देशनिकाला गरेको छ। नाइल नदीमा इथियोपियाले निर्माण गरेको विशाल बाँधका विषयमा दुई देशबीच लामो समयदेखि विवाद रहँदै आएको छ। उत्तरी क्षेत्रमा भने विद्रोहीहरू केही स्थानबाट पछि हटेको दाबी गरिएको छ। मानवीय सहायता स्रोतका अनुसार विद्रोहीले कब्जा गरेको एरेब्ती सहरबाट पछि हटेको छ। सरकार समर्थित समूहले एरेब्ती र दक्षिणी टिग्रेको मायचेउ पुनः कब्जा गरेको दाबी गरेको छ। सञ्चार अवरोधका कारण यी दाबी स्वतन्त्र रूपमा पुष्टि गर्न कठिन छ।

राजधानीमा भएको विस्फोटबारे सरकार र सेनाले प्रतिक्रिया दिएका छैनन्। कूटनीतिक स्रोतका अनुसार व्यावसायिक ड्रोनलाई विस्फोटक पदार्थसहित सैन्य प्रयोजनमा प्रयोग गरिएको हुन सक्ने आशंका छ।

अफ्रिकी संघले इथियोपिया, इरिट्रिया र इजिप्टबीच बढ्दो तनावप्रति चिन्ता व्यक्त गर्दै सबै पक्षलाई संयमता अपनाउन आग्रह गरेको छ।

# यु-१९ विश्वकप र एनपिएल लक्षित क्रिकेट पूर्वाधार निर्माण तीव्र



काठमाण्डु। नेपाल क्रिकेट संघ (क्यान) आगामी दुई ठूला प्रतियोगिता आइसिसी यु-१९ महिला विश्वकप र तेस्रो संस्करणको नेपाल प्रिमियर लिग (एनपिएल)को तयारीमा जुटेको छ। आगामी पुसमा आयोजना हुने आइसिसी यु-१९ महिला विश्वकप नेपालले पहिलोपटक आयोजना गर्दैछ।

एनपिएलको तेस्रो संस्करण कात्तिकदेखि सुरु हुने तालिका छ। यी दुवै प्रतियोगितालाई लक्षित गर्दै कीर्तिपुरस्थित त्रिभुवन विश्वविद्यालय (टियु) क्रिकेट मैदान र मूलपानी क्रिकेट मैदानको स्तरोन्नति तथा आवश्यक पूर्वाधार निर्माणको काम तीव्र पारिएको क्यानका उपाध्यक्ष रोशनबहादुर सिंहले राससलाई जानकारी दिनुभयो।

उहाँले आगामी अन्तरराष्ट्रिय प्रतियोगितालाई लक्षित गरी मैदानलाई व्यवस्थित बनाउने काम भइरहेको बताउनुभयो। विशेषगरी एनपिएलका अघिल्ला संस्करणमा देखिएको दर्शक तथा व्यवस्थापनसम्बन्धी समस्या यसपटक दोहोरिन नदिन आवश्यक तयारी भइरहेको उहाँको भनाइ छ।

"विगतमा जुन-जुन ठाउँमा त्रुटि भएको थियो त्यसलाई यसपटक सच्याउने प्रयास हामी गर्नेछौँ। दर्शकलाई सुविधा दिने प्रयास गर्नेछौँ किनकि उहाँहरूले पैसा तिरेर खेल हेर्नुहुन्छ", उपाध्यक्ष सिंहले भन्नुभयो।

दर्शकको सुविधाका लागि पार्किङदेखि अन्य व्यवस्थापनका काम व्यवस्थित गर्न लागिपरेको उहाँले बताउनुभयो। "बाइक स्ट्यान्ड, सवारी पार्किङलाई व्यवस्थित गर्न लागेका छौँ। दर्शकलाई अप्ठ्यारो कहाँ-कहाँ हुन्छ र त्यसमा कसरी सुधार गर्न सकिन्छ भन्नेमा हामीले ध्यान केन्द्रित गरेका छौँ", उहाँले भन्नुभयो।

एनपिएलका पहिलो र दोस्रो संस्करणमा देखिएका कमजोरीलाई सुधार गर्दै यसपटक मैदानमा कुनै पनि किसिमको त्रुटि नहोस् भन्नेमा क्यानले ध्यान दिएको उपाध्यक्ष सिंहले बताउनुभयो।

नेपालले पहिलोपटक आयोजना गर्ने यु-१९ महिला विश्वकपका खेल टियु र मूलपानी क्रिकेट मैदानमा सञ्चालन हुनेछन्। मूलपानीको तुलनामा टियु मैदानमा बढी खेल सञ्चालन हुने उपाध्यक्ष सिंहले बताउनुभयो।

प्रतियोगितालाई लक्षित गरी मैदानमा प्यारापिट, टोलीका लागि विश्रामस्थल तथा अन्तरराष्ट्रिय क्रिकेट परिषद् (आइसिसी), एसियाली क्रिकेट परिषद् (एसिसी) र खेलाडीका अभिभावकका लागि भिआइपी संरचना निर्माण भइरहेको उहाँले जानकारी दिनुभयो।

मूलपानी क्रिकेट मैदान लामो समयदेखि निर्माण तथा स्तरोन्नतिका क्रममा रहे पनि अझै पूर्ण रूपमा तयार हुन नसकेमा उपाध्यक्ष सिंहले सरकारको ध्यानाकर्षण गराउनुभयो। उहाँले मैदान निर्माणमा भइरहेको ढिलाइप्रति सरकारको ध्यान जानुपर्ने बताउनुभयो।

क्रिकेटले नेपाललाई अन्तरराष्ट्रिय रूपमा चिनाउनुका साथै नेपालीमा खुसी दिएको उल्लेख गर्दै उहाँले क्रिकेट पूर्वाधार निर्माणलाई प्राथमिकतामा राख्न सरकारसँग आग्रह गर्नुभयो। "क्रिकेटले देशलाई चिनाएको छ। क्रिकेटले एउटा खुसी दिएको छ", उपाध्यक्ष सिंहले भन्नुभयो।

उहाँले मूलपानी क्रिकेट मैदानको निर्माणलाई छिटोभन्दा छिटो अघि बढाउनुपर्नेमा जोड दिनुभयो। नेपालमा अन्तरराष्ट्रियस्तरका थप क्रिकेट मैदान निर्माण भएमा भविष्यमा ठूला अन्तरराष्ट्रिय प्रतियोगिता आयोजना गर्न सहज हुने उहाँको भनाइ छ।

"चाँडोभन्दा चाँडो मैदान निर्माण गरेर अन्तरराष्ट्रिय जगत्मा नेपालमा पनि कम्तीमा दुईवटा ठूला ग्राउन्ड भएको देखाउनुपर्छ", उहाँले भन्नुभयो। नेपालमा कम्तीमा दुईवटा ठूला क्षमताका अन्तरराष्ट्रिय क्रिकेट मैदान निर्माण भएमा विश्वकप, एसिसी प्रिमियर कप, एसिया कप, विश्वकप छनोटलगायतका ठूला प्रतियोगिता आयोजना गर्न सकिने क्यानको विश्वास छ। त्यस्ता प्रतियोगिता नेपालमा आयोजना हुँदा आर्थिक गतिविधिमा योगदान पुग्ने उपाध्यक्ष सिंहले बताउनुभयो।

"भोलिको दिनमा भारत र पाकिस्तान, एसिसी कप, विभिन्न टुर्नामेन्ट नेपालले होस्ट गर्न पाउँछ। त्यसबाट आर्थिक लाभ हुन्छ", उहाँले रासससँगको कुराकानीमा भन्नुभयो।

ठूला प्रतियोगिता आयोजना गर्न आवश्यक पूर्वाधार निर्माणमा सरकार, स्थानीय तह तथा सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको उहाँको भनाइ छ। मूलपानी मैदानको निर्माणले पूर्णता पाएमा नेपालको क्रिकेट पूर्वाधार थप बलियो हुने क्यानले जनाएको छ। रासस

# अष्ट्रेलियामा रोजगारीको माग घट्दै

एएफपी। अष्ट्रेलियामा रोजगारीका लागि उपलब्ध रिक्त पदको संख्या लगातार दोस्रो तीन महिनाको अवधिमा घटेको छ। यसले देशको श्रम बजारमा केही क्षेत्रमा कामदारको माग कमजोर हुँदै गएको संकेत गरेको छ। अष्ट्रेलियाली तथ्याङ्क ब्युरोले सार्वजनिक गरेको पछिल्लो तथ्याङ्कअनुसार अगस्टसम्मको तीन महिनामा रोजगारीका रिक्त पद ०.९ प्रतिशतले घटेका छन्। यस अवधिमा कुल रिक्त पद ३ हजारले घटेर ३ लाख २५ हजार पुगेका छन्।



यसअघि मेसम्मको तीन महिनामा पनि रोजगारीका रिक्त पद २.२ प्रतिशतले घटेका थिए। यसरी लगातार दुई अवधिमा रिक्त पद घट्नुले अष्ट्रेलियाको रोजगारी बजारमा मागको अवस्था केही कमजोर बनेको देखाएको छ।

**निजी क्षेत्रमा बढी गिरावट**

रोजगारीका रिक्त पदमा आएको पछिल्लो गिरावट मुख्य रूपमा निजी क्षेत्रबाट भएको हो। अगस्टसम्मको तीन महिनामा निजी क्षेत्रका रिक्त पद २ प्रतिशत अर्थात् ५ हजार ८ सयले घटेका छन्। यसको विपरीत, सार्वजनिक क्षेत्रमा भने रिक्त पद बढेका छन्। सोही अवधिमा सार्वजनिक क्षेत्रका रिक्त पद ७.८ प्रतिशत अर्थात् २ हजार ८ सयले वृद्धि भएका छन्। यसले निजी र सार्वजनिक क्षेत्रको रोजगारी मागबीच फरक अवस्था देखाएको छ। निजी क्षेत्रमा नयाँ कर्मचारी आवश्यक पर्ने पदको संख्या घट्दा सार्वजनिक क्षेत्रमा भने थप कर्मचारी आवश्यक पर्ने पद बढेका छन्।

**थोक व्यापारमा ठूलो गिरावट**

उद्योगअनुसार हेर्दा थोक व्यापार क्षेत्रमा रोजगारीका रिक्त पद सबैभन्दा धेरै घटेका छन्। यस क्षेत्रमा रिक्त पद १८ प्रतिशतले कम भएका छन्।

त्यसपछि व्यावसायिक, वैज्ञानिक तथा प्राविधिक सेवा क्षेत्रमा १७.३ प्रतिशतको गिरावट आएको छ। यी क्षेत्रहरूमा आएको ठूलो गिरावटले समग्र निजी क्षेत्रका रिक्त पद घटाउन महत्वपूर्ण भूमिका खेलेको देखिन्छ।

**खुद्रा व्यापारमा भने उल्लेख्य वृद्धि**

सबै क्षेत्रमा रिक्त पद घटेका भने छैनन्। खुद्रा व्यापार क्षेत्रमा रिक्त पद २४.५ प्रतिशतले बढेका छन्।

उद्योगगत रूपमा यो सबैभन्दा ठूलो वृद्धि हो। त्यस्तै, वित्तीय तथा बीमा सेवामा रिक्त पद १४.१ प्रतिशतले बढेका छन्। यसले केही ग्राहकसँग प्रत्यक्ष सम्बन्धित तथा सेवा क्षेत्रहरूमा कर्मचारीको माग अझै बलियो रहेको देखाउँछ।

**वार्षिक अवस्थासमेत कमजोर**

अगस्टसम्मको एक वर्षको अवधिलाई तुलना गर्दा अष्ट्रेलियामा रोजगारीका रिक्त पद १.३ प्रतिशतले घटेका छन्। अर्थात् एक वर्षअघि भन्दा अहिले उपलब्ध रोजगारीका खाली पदको संख्या केही कम भएको छ।

अष्ट्रेलियाको पछिल्लो रोजगारी तथ्याङ्कले श्रम बजारमा एकरूपको अवस्था नभएको देखाउँछ। निजी क्षेत्रमा विशेषगरी थोक व्यापार तथा व्यावसायिक सेवाजस्ता क्षेत्रमा कर्मचारीको माग घटेको छ। तर खुद्रा व्यापार, वित्तीय तथा बीमा सेवा र सार्वजनिक क्षेत्रमा भने रिक्त पद बढेका छन्। त्यसैले समग्रमा रोजगारीका रिक्त पद घटे पनि सबै उद्योगमा समान रूपमा रोजगारीको माग कमजोर भएको भन्न मिल्दैन। कुन क्षेत्रमा रोजगारी खोज्ने भन्ने आधारमा अवसरको अवस्था फरक रहेको पछिल्लो तथ्याङ्कले देखाएको छ।

# इजिप्टमा छ पत्रकार पक्राउ



एएफपी। इजिप्टका अधिकारीहरूले स्वतन्त्र सञ्चारमाध्यम मात्सादासका छ जना पत्रकारलाई प्रतिबन्धित मुस्लिम ब्रदरहुडसँग सम्बन्धित रहेको आरोपमा पक्राउ गरेका छन्। घटनापछि अन्तर्राष्ट्रिय तथा क्षेत्रीय अधिकार समूहहरूले पत्रकारहरूको रिहाइको माग गरेका छन्।

अधिकारीहरूले विदेशी कोषको बदलामा अनलाइन माध्यमका लागि झुटा समाचार उत्पादन गरेको आरोप लगाएका छन्। तर मात्सादासका सहसंस्थापक अब्देलरहमान मन्सुरले आरोप अस्वीकार गर्दै पक्राउ परेका पत्रकारहरू कहाँ छन् भन्नेबारे उनीहरूका परिवारलाई समेत जानकारी नभएको बताउनुभएको छ। उहाँले उनीहरूलाई सकुशल रिहा गर्न माग गर्नुभयो।

मात्सादासले इजिप्टसहित अन्य अरब मुलुकमा खोजमूलक पत्रकारिता गर्दै आएको छ। इजिप्टमा यसको वेबसाइट अवरुद्ध भए पनि फेसबुकमा १० लाखभन्दा बढी फलोअर छन्। इजिप्टको गृह मन्त्रालयले भने मन्सुरले भारतबाट सञ्चालन गरेको अनुमतिविहीन माध्यमका रूपमा उल्लेख गर्दै पक्राउ परेका पत्रकारहरू मुस्लिम ब्रदर हुडको 'मिडिया कमिटी' का सदस्य रहेको आरोप लगाएको छ।

मन्सुरका अनुसार पत्रकारहरू सोमबार र मङ्गलबार विभिन्न स्थानबाट पक्राउ परेका थिए। उनीहरूका मोबाइल फोन र कम्प्युटर जफत गरिएको छ। व्यक्तिगत अधिकारका लागि इजिप्टियन इनिसिएटिभले पत्रकारहरूलाई परिवार वा कानूनी टोलीसँग सम्पर्क गर्न नदिइएको र उनीहरू कहाँ छन् भन्ने स्पष्ट नभएको जनाएको छ।

ह्युमन राइट्स वाच र रिपोर्टर्स विदाउट बोर्डर्ससहित ८० भन्दा बढी अधिकार समूह तथा नागरिक समाज संस्थाले पत्रकारहरूको रिहाइको माग गरेका छन्। उनीहरूले मात्सादासले सार्वजनिक चासोका विषयमा विश्वसनीय समाचार दिँदै आएको बताएका छन्।

सन् २०१३ मा तत्कालीन राष्ट्रपति मोहम्मद मोर्सीलाई सेनाले अपदस्थ गरेपछि इजिप्टले मुस्लिम ब्रदरहुडलाई आतङ्कवादी सङ्गठन घोषणा गरेको थियो। त्यसयता पत्रकार तथा सरकारका आलोचकलाई उक्त समूहसँग सम्बन्धित रहेको छ।

# दुबईका लागि एल अलका उद्धार उडान रद्द

एएफपी। संयुक्त अरब इमिरेट्स (युएई) ले इजरायली विमानलाई दुबईमा अवतरण गर्ने अनुमति फिर्ता लिएपछि इजरायलको प्रमुख विमान सेवा एल अलले दुबईमा अलपत्र परेका नागरिकलाई स्वदेश फर्काउने शुक्रबारका उद्धार उडान रद्द गरेको छ।



एल अलले एलवाई ९७४-१ र एलवाई ९७२ उडान रद्द गरिएको जनाएको छ। अर्को साताका लागि निर्धारित उडान भने समयतालिकामै रहेको र ती उडान पूर्ण रूपमा बुक भइसकेको कम्पनीले जनाएको छ। इजरायली र इमिराती अधिकारीबीच लामो छलफलपछि विमान अवतरणका लागि अन्तिम अनुमति प्राप्त हुन नसकेको जनाइएको छ।

उडान रद्द भएको घटना सेप्टेम्बर ३० मा दुबईबाट तेल अभिभतर्फ आएको फ्लाईदुबईको विमानमा भएको गम्भीर सुरक्षा घटनापछि भएको हो। उक्त घटनामा ओमानी सहपाइलटले विमानका कमान्डरमाथि आक्रमण गरी विमान तल झार्ने प्रयास गरेको आरोप लगाइएको छ।

गम्भीर घाइते भए पनि क्याप्टेन स्मिट मच्छरले आक्रमणकारीको प्रतिरोध गर्नुभएको थियो। चालक दल र यात्रुको सहयोगमा आक्रमणकारीलाई नियन्त्रणमा लिएपछि विमानको कमान्ड पुनः कायम गरिएको थियो। विमानले साउदी अरबको तबुकमा आपत्कालीन अवतरण गरेको र १८० यात्रु सुरक्षित रहेको जनाइएको छ।

इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहुका अनुसार घटनाका बेला विमान इजरायली हवाई क्षेत्रनजिकै थियो। उहाँले क्याप्टेन मच्छरले सहपाइलटलाई नियन्त्रणबाट हटाउन सफल हुनुभएको तथा दुई गैरड्युटी उडानकर्मीले विमान सम्हालेको बताउनुभएको छ। सहपाइलट ओमानमा जन्मिएको र ओमानी नागरिक रहेको एक ओमानी अधिकारीले बताएका छन्।

नेतान्याहुले सहपाइलट इस्लामवादी कट्टरपन्थी विचारबाट प्रभावित भएको अनुसन्धानबाट देखिएको दाबी गर्नुभएको छ। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले सहपाइलटको तेहरानसँग सम्बन्ध हुन सक्ने आफूले सुनेको बताउनुभएको छ। यद्यपि इरानको संलग्नताबारे निष्कर्षमा पुग्न अझै समय लाग्ने नेतान्याहुले बताउनुभएको छ। इजरायली अधिकारीहरूले घटनाको थप अनुसन्धान गरिरहेका छन्।

यसैबीच, युएईका लागि भारतका राजदूत दीपक मित्तलले क्याप्टेन मच्छरको अवस्था स्थिर रहेको र उहाँ युएईको अस्पतालमा उपचाररत रहनुभएको पुष्टि गर्नुभएको छ। उहाँले क्याप्टेन मच्छरको साहसको प्रशंसा गर्दै सयौँ यात्रुको ज्यान जोगाउन उहाँले महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएको बताउनुभयो।

# विश्वकप क्रिकेट लिग-२: नेपाली टोलीको घोषणा

काठमाडौँ, १६ असोजः ओमानमा आयोजना हुने आइसीसी पुरुष विश्वकप क्रिकेट शृंखला-२ का लागि नेपाल क्रिकेट सङ्घ (क्यान)ले आज १५ सदस्यीय टोलीको घोषणा गरेको छ।



यही असोज २१ गतेदेखि शुरु हुने विश्वकप क्रिकेट लिग-२ मा आयोजक ओमानसँगै नेपाल र क्यानडाले प्रतिस्पर्धा गर्ने छन्। उक्त शृंखलाका लागि क्यानले सन्दीप लामिछानेको कप्तानीमा १५ सदस्यीय टोली घोषणा गरेको क्यानद्वारा आज जारी प्रेस विज्ञप्तिमा उल्लेख छ।

टोलीमा कप्तान सन्दीपसँगै आसिफ शेख, दीपेन्द्रसिंह ऐरी, देव खनाल, इशान पाण्डे, रोहितकुमार पौडेल, अर्जुन कुमाल, सन्दीप जोरा, गुल्शन झा, बसिर अहमद, करण केसी, नन्दन यादव, ललितनारायण राजवंशी, साहब आलम र शेर मल्ल समावेश छन्। रासस

# कञ्चनपुरमा ब्याडमिन्टन प्रतियोगिता

महेन्द्रनगर। कञ्चनपुरको महेन्द्रनगरस्थितकभर्डहलपरिसरमा आजदेखि पुरुष डबल्स जिल्ला स्तरीय ब्याडमिन्टन प्रतियोगिता शुरु भएको छ।



यहाँस्थित निङ्लाशैनी विकास समाजको आयोजनामा दुईदिने जिल्ला स्तरीय प्रतियोगिताको एक समारोहबीच निङ्लाशैनी समाजका संस्थापक अध्यक्ष महेश चन्दले उद्घाटन गर्नुभयो। नजिकिदै गरेको विजया दशमी, तिहारलगायतका चाडपर्वको अवसर पारेर आयोजना गरिएको उक्त प्रतियोगितामा उपाधि विजेता टोलीले रु २५ हजार, उपविजेताले रु १२ हजार र तेस्रो स्थान हासिल गर्ने टोलीले रु ६ हजार पुरस्कार पाउने प्रतियोगिता संयोजक दिलबहादुरधामीलेजानकारीदिनुभयो।

प्रतियोगिताअन्तर्गत पुरुष, ४५ वर्षमाथिको भेट्रान र ५० वर्षमाथिको सुपर भेट्रान विधा समावेश गरिएको छ। सबै विधाका खेलाडीहरुलाई नगदसहित पुरस्कृत गरिने संयोजक धामीले जानकारी दिनुभयो। प्रतियोगितामा जिल्लाभरका ५५ टोली सहभागी छन्। रासस

# जैविक मलको प्रयोग बढाउनुपर्छ : मन्त्री चौधरी



रुपन्देही । नेपाल सरकारका सङ्घीय कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले माटोको उर्वराशक्ति जोगाउन र कृषि उत्पादनलाई दिगो बनाउन किसानले जैविक तथा प्राङ्गारिक मलको प्रयोग बढाउनुपर्ने बताउनुभएको छ ।

लुम्बिनी प्रदेशस्तरीय अनुदानित मल वितरण सूचना प्रणालीसम्बन्धी अभिमुखीकरण कार्यक्रममा उहाँले रासायनिक मलको अत्यधिक प्रयोगले माटोको गुणस्तरमा असर पर्ने भएकाले माटो सुधारलाई प्राथमिकतामा राखि कृषि नीति र कार्यक्रम अघि बढाइने छ भन्नुभयो ।

मन्त्री चौधरीले भन्नुभयो, “पहिले किसानले गोठको मल, घरबाट निस्कने कुहिने तथा जैविक फोहर खेतबारीमै प्रयोग गर्थे । अहिले स्थानीय तहले फोहर व्यवस्थापनका क्रममा प्लास्टिकसँगै कुहिने जैविक फोहरसमेत डम्पिङस्थलमा लैजाने गरेका छन् । प्लास्टिक फोहर व्यवस्थापन आवश्यक भए पनि जैविक पदार्थलाई छुट्याएर मलका रूपमा प्रयोग गर्नुपर्छ ।”

अन्तरराष्ट्रियस्तरमा सामान्य समस्या आउँदा पनि नेपालमा मल आपूर्तिमा समस्या हुने गरेको प्रसङ्ग उल्लेख गर्दै मन्त्री चौधरीले स्वदेशमै रासायनिक तथा जैविक मल उत्पादन गर्ने उद्योग स्थापनाको आवश्यकता औँल्याउनुभयो ।

उहाँले देशको आवश्यकता, उपलब्धता र उत्पादन क्षमताको यथार्थ तथ्याङ्क तयार गरी मलको दीर्घकालीन व्यवस्थापन गर्न सरकार लागिरहेको बताउनुभयो ।

मन्त्री चौधरीले रासायनिक मलको सन्तुलित वितरणका लागि स्थानीय तह, प्रहरी र जिल्ला प्रशासन कार्यालयलाई प्रभावकारी अनुगमन गर्न सुझाव दिनुभयो । उहाँले भन्नुभयो, “किसानले आवश्यक परेको समयमा मल पाउनुपर्छ । मल वितरणमा कुनै पनि किसिमको कमी-कमजोरी गर्न पाइँदैन ।”

सरकारको प्राथमिकता नीति निर्माणलाई समयानुकूल बनाउनु रहेको उल्लेख गर्दै उहाँले कृषि सामग्री तथा मल वितरणमा पनि पारदर्शिता कायम गर्न सुझाव दिनुभयो ।

हालसम्म करिब २७ लाख किसान कार्डका लागि सूचीकृत भइसकेको जानकारी दिँदै उहाँले बाँकी किसानलाई पनि सूचीकृत हुन आग्रह गर्नुभयो ।

सो अवसरमा स्थानीय तहका कृषि शाखा प्रमुख तथा कर्मचारी, मल विक्रेता र किसानसँग अनुदानित मल वितरण प्रणालीमा देखिएका समस्या, डिजिटल सूचना प्रणाली तथा कृषि क्षेत्रमा आवश्यक सुधारका विषयमा गहन छलफल भएको थियो । रासस

# सरकारी संरचना अनिवार्य बिमा गर्नुपर्ने




काठमाण्डु । सांसदहरूले जलवायु प्रकोपको कारणले नेपालमा पटक-पटक ठूलो क्षति पुऱ्याएको भन्दै सरकारी संरचनाहरूको अनिवार्य बिमा गर्न माग गर्नुभएको छ ।

प्रतिनिधिसभाको शुक्रबारको बैठकको विशेष समयमा राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद दीपकराज बोहराले विभिन्न समयमा आएको बाढीपहिरोलगायत विपद्का घटनाको कारणले ठूलो स‍र्‍यामा मानवीय भौतिक संरचनामा क्षति भएको उल्लेख गर्दै सरकारी संरचनाको अनिवार्य बिमा गर्न माग गर्नुभयो । उहाँले खोज, उद्धार, राहत र पुनःनिर्माणमा ठूलो बजेट लाग्ने भएकाले सो कार्यलाई अनिवार्य गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो ।

“सरकारी संरचनाको अझैसम्म पनि बिमा हुन नसकेको देखियो”, उहाँले भन्नुभयो, “जुनसुकै विपद्पछि पुनःनिर्माणको लागि ठूलो रकम लाग्ने भएकाले ती संरचनाको अनिवार्य बिमा गर्ने वातावरण गराउन जरुरी छ”, उहाँले भन्नुभयो ।

नेपाली कांग्रेसका सांसद नरेन्द्रकुमार केरुङले यस अधिको सरकारले ६५७ वटा आधारभूत अस्पताल निर्माण गर्ने घोषणा गरेअनुसारको अस्पताल निर्माण हुन नसकेको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

नेपाल कम्युनिष्ट पार्टी (एमाले) का सांसद पद्यकुमारी अर्यालले स्याङ्जाको आधिखोला जलविद्युत्को डीपीआर तयार भएर स्वीकृत भए पनि अहिलेको सरकारको सो परियोजना खारेज गर्न खोजिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले सो जलविद्युत् आयोजनालाई शीघ्र अघि बढाउनका लागि सरकारसँग अनुरोध गर्नुभयो ।

एमालेकै सांसद निता घतानीले विगतको ३५ वर्षमा केही नभएको भनेर गलत भाष्य निर्माण गर्न खोजिएको भन्दै सरकारको गम्भीर ध्यानार्कषण गराउनुभएको छ ।

नेपाली कम्युनिष्ट पार्टी (नेकपा)का सांसद गोपाल शर्माले सरकारले स्वदेशमा केही गरौँ भन्ने युवालाई स्वदेशमा नै रोजगारी सिर्जना गर्नुको सट्टा निरुत्साहित गर्दै आएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद आरेन राईले खोटाङलाई पूर्वको कर्णालीको रूपमा चित्रित गर्दै जिल्लाको १० वटै पालिकामा बर्खाको कारणले भत्किएको बाटो पुनःनिर्माणको लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउनुभयो ।

राष्ट्रिय प्रजातन्त्र पार्टीका सांसद भरत गिरीले पछिल्लो समय राज्यप्रति नागरिकको विश्वास कमी भएको बताउँदै राज्य नागरिकको दायित्व पूरा गर्ने विषयबाट टाढा जान नसक्ने विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो । उहाँले ऊर्जा सङ्कटको विषयमा सरकारले गम्भीर भएर लाग्नुपर्नेमा जोड दिनुभयो ।

राष्ट्रिय स्वतन्त्र पार्टीका सांसद मनिष झाले केही समय अघि काठमाडौँ वरपरको अव्यवस्थित वस्ती व्यवस्थित गराउन सरकारले चालेको कदम प्रभावकारी भएको बताउनुभयो ।

नेपाली कांग्रेसका सांसद सन्दीप रानाले यही असोज ८ देखि ११ गते आएको बाढीपहिरोले कालीगण्डकीको तटीय क्षेत्रमा सडक र पुललगायत संरचनामा ठूलो क्षति पुऱ्याएकाले तत्कालै सडक र पुललगायत संरचना पुनःनिर्माण गर्नका लागि सरकारको ध्यानाकर्षण गराउनुभयो ।

एमालेका सांसद राजेन्द्रकुमार राईले चाडपर्व आउन थाले पनि धनकुटाको जनतामा खुसीयाली नभएको बताउँदै भोटेकोशीमा गएको बाढी प्रभावितको अहिलेसम्म जानकारी नपाउँदा परिवारका सदस्यहरू मर्माहित भएको बताउनुभयो ।

श्रम संस्कृति पार्टीका सांसद राधिका रम्तेलले नेपाल टेलिभिजनबाट क्रिश्चियन धर्मसम्बन्धी कार्यक्रम बन्द गरिएको विषयमा सरकारको ध्यानाकर्षण गराउनुभयो ।

रास्वपाका सासंद भरतराज पराजुलीले नेपाल विद्युत् प्राधिकरणको पुनःसंरचना गर्न सरकारको ध्यानाकर्षण गराउनुभयो । रास्वपाका सांसद वशुमाया तामाङले नेपाल वायु सेवा निगमको जहाज विदेशीमुलुकमा अलपत्र भएर यात्रुले गुणस्तरीय सेवा नपाएको विषयमा सरकारलाई ध्यानाकर्षण गराउनुभयो । रास्वपाकै सांसद पारसमणि गेलालले आरोप-प्रत्यारोप र दोषारोपणमा समय खर्चिनु उपयुक्त नभएको बताउनुभयो ।

रास्वपाका सांसद कुसुम महर्जनले निजी अस्पतालका बेड, क्याबिन र शैयाको शूल्क निर्धारण गर्नका लागि सरकारसँग माग गर्नुभयो । रास्वपाका सांसद नरेन्द्रकुमार गुप्ताले अर्बौं लगानीमा स्थापना भएका निजी उद्योग धरासायी हुने अवस्थामा पुगेकाले सरकारले ति उद्योगलाई प्रोत्साहन गर्ने नीति अङ्गीकार गर्नुपर्ने बताउनुभयो ।

एमालेका सांसद कृपाराम रानाले ३५ वर्षे अवधिमा केही नभएको भाष्य निर्माण गर्न खोज सो अवधिमा आर्थिक, राजनीतिक र सामाजिक क्षेत्रमा धेरै खालका सुधारका काम भएको बताउनुभयो । रास्वपाका सांसद पुकार बमले गैरआवासीय नेपालीलाई पैसा र भोट बैंकको लागि मात्रै हेर्न नहुने बताउँदै विभिन्न क्षेत्रमा रहेका लब्ध प्रतिष्ठित व्यक्तिहरूलाई पनि नेपाल ल्याउने वातावरण मिलाउनुपर्ने बताउनुभयो ।

रास्वपाका सांसद सीताराम साह सप्तरीका विभिन्न ठाउँमा सरकारी धान खरिद केन्द्र स्थापना गर्नका लागि सरकारसँग माग गर्नुभयो । एमालेका सांसद गुरूप्रसाद बरालले बाढीले क्षतिग्रस्त भएका संरचनाको निर्माणको लागि पुनःनिर्माण प्राधिकरणको आवश्यकता औँल्याउनुभयो ।

रास्वपाका सांसद धर्मराज केसीले दसैँमा लाखौँ नागरिक आआफ्नो घरमा फर्किने भएकाले सुरक्षित वातावरणमा फर्किने वातावरण मिलाउन सरकारसँग अनुरोध गर्नुभयो । रासस

## सडक अवरुद्ध :

# स्याउको चिन्तामा मुस्ताङका किसान



मुस्ताङ । केही दिन अघिको भारी वर्षापछिको बाढी पहिरो र नदी कटानबाट अबरुद्ध बेनी-जोमसोम सडक सञ्चालन नहुँदा यस क्षेत्रका किसान चिन्तित छन् ।

दशैँ अघिको सोह्र श्राद्ध चलिरहँदा सबैभन्दा बढी स्याउ खपत हुने समयमा सडक अवरुद्ध हुँदा मुस्ताङका स्याउ उत्पादक किसान र ब्यापारी सबैभन्दा बढी मर्कामा परेका हुन् । दसैँ-तिहार लगायतका महत्वपूर्ण चाडपर्व नजिकिदै गर्दा म्याग्दी क्षेत्रमा भएको सडक अवरुद्धका कारण त्यसको प्रत्यक्ष असर स्याउको ढुवानीमा परेको छ ।

अहिले मुस्ताङका बारी तथा बगान क्षेत्रमा हाँगै भाचिएला जसरी लटरम्म नुहिरहेको पाकेको अवस्थाका स्याउ देख्न पाइन्छ । सडक अबरुद्धको प्रत्यक्ष असर मुस्ताङमा स्याउको बजारिकणमा परेको छ ।

म्याग्दीको राहुघाट, बैसरी, सिरुवारी, भिरकाँटे, पोखरेबगर, नौनीबगर, तातोपानी र खामभित्ता लगायतका दर्जनौं स्थानमा बाढी र पहिरोबाट सडक संरचनामा क्षति हुँदा एक सातादेखि उक्त सडक अवरुद्ध छ । छिटो पाक्ने अर्ली प्रजातिका भदौ १५ गते र ढिलो प्रजातिका स्याउ भदौ २२ गतेदेखि बगैँचाबाट टिप्ने जिल्लास्तरीय निर्णय थियो । हरितालिका तीजअघि मुस्ताङबाट आशिंक रुपमा यहाँको स्याउको बजारीकरण गरिएता पनि ८० प्रतिशत बढी बजारीकरण हुन बाँकी नै छ । धमाधम स्याउ टिपेर बजार पठाउने तयारी चलिरहँदा सडक अवरुद्ध भएसँगै यहाँ उत्पादित स्याउको बजारीकरणमा समस्या परेको हो ।

मुस्ताङमा औसत बर्सेनि सात हजार मेट्रिकटन स्याउ उत्पादन हुँदै आएको छ । यहाँका किसानले परम्परागत लोकल स्याउ र उच्च घनत्व प्रविधिमा आधारित (हाइब्रिड) स्याउखेती गरिरहेका छन् । स्याउको राजधानीका रुपमा परिचित मुस्ताङमा यसपटक सडक अवरुद्धका कारण किसान र ब्यापारी स्याउको व्यवस्थापन कसरी गर्ने भन्नेमा चिन्तित रहेको पाइएको छ ।

स्थानीय घरपझोङ–५ ढुम्बा अब्बल किसान कर्म गुरुङ सडक अवरुद्ध भएकाले उत्पादन गरेको स्याउ बजार पठाउन नपाएको गुनासो गर्नुहुन्छ । सडक अवरुद्ध हुँदा इन्धन र विद्युत आपूर्ति समेत बन्द भएकोले टिपाई गरिएको स्याउ समेत चिस्यान गृहमा राख्न नपाएको किसानको गुनासो छ । झन्डै सात सय मेट्रिक टन स्याउ उत्पादन गर्दैआउनुभएका चिम्ले अचार्ड कृषि फार्मका सञ्चालन गुरुङ टिपिएको स्याउ कुहिने डर भएको बताउनुहुन्छ । ‘अवरुद्ध सडकले किसानको मेहिनत त्यसै खेर जाने जस्तो देखियो, बोटमा भएका स्याउ पनि पाकेर झर्ने बेला भइसक्यो किसान गुरुङ भन्नुहुन्छ, “जतिसक्दो बाटो खुलाउन सके सबैभन्दा बढी राहत किसानलाई हुने थियो ।”

मुस्ताङको थासाङ गाउँपालिका-१ टुकुचेस्थित आइपिएम एप्पल फार्मका सञ्चालक नीरज तुलाचनका अनुसार बेनी-जोमसोम सडक अवरुद्धसँगै मुस्ताङमा उत्पादित स्याउको व्यापारसमेत पूर्ण रुपमा ठप्प भएको जानकारी दिनुभयो । तीजको छेकोमा ५० प्रतिशत स्याउ बिक्री गरिसकेका स्याउ तुलाचनले दसैँ अघि बाँकी रहेको ५० प्रतिशत स्याउ बजार पठाउने तयारी गरिरहेकै बेला सडक बन्द भयो । उत्पादनका हिसाबले यस पटक स्याउबाट किसान र व्यापारी दुवै लाभान्वित भए पनि ढुवानी रोकिदा यसको मार दुवैलाई पर्ने निश्चित छ । धादिङका स्याउ व्यापारी ऊर्जा तामाङ पनि स्याउको व्यापारका लागि तीन सातादेखि मुस्ताङमा हुनुहुन्छ । तीन दशकदेखि मुस्ताङको स्याउ व्यापारमा गरिरहनुभएका उहाँलाई यसपटक भने व्यपार नै चौपट हुने हो कि भन्ने डर छ ।

घरपझोङ र बारागुङ मुक्तिक्षेत्रको आधा दर्जन बढी बगैँचामा रु करोडभन्दा बढी मूल्यको स्याउको ठेक्का लिएका तामाङले मुस्ताङमा सङ्कलन गरिएको स्याउ एक सातादेखि बजार पठाउन नपाएर थन्किएको गुनासो गर्नुभयो । यहाँको स्याउका लागि जिल्ला बाहिरका ५० भन्दा बढी र स्थानीय २० भन्दा बढी व्यक्तिले स्याउको व्यापार गरिरहनुभएको छ ।रासस

# करदाता प्रोत्साहन उपहार कार्यक्रम घोषणा



काठमाण्डु । करदाता प्रोत्साहन उपहार कार्यक्रमअन्तर्गत यही असोज १ देखि १५ गतेसम्मको उपहार आज घोषणा भएको छ । अर्थ मन्त्रालयमा शुक्रबार आयोजित कार्यक्रममा प्रतिनिधिसभाअन्तर्गतको अन्तरराष्ट्रिय सम्बन्ध तथा पर्यटन समितिका सभापति सुम्निमा उदास, प्रतिनिधिसभा सदस्यद्वय गणेश कार्की र सन्तोष राजवंशीले संयुक्त रूपमा असोज महिनाको पहिलो १५ दिनको करदाता प्रोत्साहन उपहार घोषणा गर्नुभयो ।

**नयाँ घोषणाअनुसार पर्साका लालबाबु साह कानुलाई रु १० लाख राशिको १५ दिनको बम्पर उपहार परेको छ । कानुले रु २१ हजार बराबरको ल्युब आयल (इञ्जिन आयल) खरिद गर्दा तिरेको रकमको कारोबार बम्पर उपहारमा छनोट भएको हो ।**

नयाँ घोषणाअनुसार पर्साका लालबाबु साह कानुलाई रु १० लाख राशिको १५ दिनको बम्पर उपहार परेको छ । कानुले रु २१ हजार बराबरको ल्युब आयल (इञ्जिन आयल) खरिद गर्दा तिरेको रकमको कारोबार बम्पर उपहारमा छनोट भएको हो । उहाँलाई तत्कालै फोन सम्पर्क गरेर आन्तरिक राजस्व विभागका महानिर्देशक डा भीष्मकुमार भुसालले बधाई दिँदै पुरस्कार प्राप्त गर्न नजिकैको कर कार्यालयमा सम्पर्क गर्न आग्रह गर्नुभयो ।

आन्तरिक राजस्व विभागका अनुसार यही असोज १ देखि १५ गतेसम्म अनलाइन र नगद खरिदमा सहभागी भएर बिल लिएका उपभोक्ताका तीन करोड १८ लाख १८ हजार २८६ वटा कारोबार उपहार कार्यक्रमका लागि योग्य थिए । जसमा नगदमा कारोबार गरेर बिल लिएका उपभोक्ताको कारोबार संख्या दुई लाख ४७ हजार ९७९ थियो भने अनलाइन तथा कार्डबाट भुक्तानी गरेर वस्तु खरिद गरेका उपभोक्ताको कारोबार संख्या तीन करोड १५ लाख ७० हजार ३०७ थियो । रासस


## भूमि प्रशासन कार्यालय ढल्केबर, धनुषा

## हकदाबी सम्बन्धी ३५ दिने सार्वजनिक सूचना

रघुनन्दन महतोको नाति हिरालाल महतो कोइरीको छोरा जिल्ला धनुषा बटेश्वर गाँउपालिका वडा नं. १ बस्ने देबेन्द्र कुमार सिंहले तपसिलमा उल्लेखित जग्गा आनन्द महतोबाट र.नं. ५४०५ मिति ०३३।३।३० को पारित राजिनामाले ससिम नै मेरो नाताको दाजु महेन्द्र महतोको नाममा कायम भएको, उक्त जग्गा कित्ताकाट भइ कित्ता नं. १६१ र १६२ कायम भएको, तर कित्ता नंम्बर १६१ कसैको नाममा पनि कायम नभइ छुट भएको तथा मैले जोत भोग गरिरहेकोले उक्त जग्गा मेरो दाजु महेन्द्र महतोको मञ्जुरीले मेरो नाममा दर्ता गरी पाउँ भनि द.नं. १०९५ मिति ०८३।६।२ को निवेदनबाट माग दाबी गरेकोले माग बमोजिम निवेदकको नाममा उक्त कित्ता दर्ता गर्न नमिल्ने कुनै कारण भए वा अन्य कसैको हकदाबी लाग्ने भए वा सरकारी सार्वजनिक सम्पत्तिको हानी नोक्सानी हुने भए ठोस सबुत प्रमाण भए यो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिन भित्र आफ्ना सबुत प्रमाण सहित यस कार्यालयमा लिखित उजुरी गर्न आउनु होला । अन्यथा कानुन बमोजिम भइजाने ब्यहोरा जानकारी गराइन्छ ।

तपसिल

| जिल्ला | गा.बि.स. | वडा नं. | कि.नं. | क्षेत्रफल |
|---|---|---|---|---|
| धनुषा | भुचक्रपुर | ५। घ | १६१ | ०-१-० |

## भाखा नाघेको कर्जा बुझाउने बारे कृषि विकास बैंक लि शाखा कार्यालय सबैलाको २१ दिने सुचना

सूचना प्रकाशित मिति : २०८३/०६/१५

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सुचना प्रकाशित भएको मितिले २१ दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सुचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पुर्ण लेना रकम असुल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सुचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

**सम्बन्धित कार्यालय : कृषि विकास बैंक, शाखा कार्यालय सबैला, धनुषा**

| क्र.स. | कर्जा ग्राहकको नाम | ठेगाना | पिता/पतिको नाम | बाजे/ससुरा | मिसिल न. | कर्जाको उदेश्य | सांवा रकम बांकी | २०८३।०५।३१ सम्मको ब्याज | जम्मा तिर्नु पर्ने रकम | ग्रहक नं | मोवाईल न. |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | सुकदेव मण्डल | सबैला ०७ | चन्द्रदिप मण्डल | मौजे मण्डल | २४४७३ | घरायसी | १५००००० | ३५१०५।८६ | १५३५१०५।८६ | ५५०२५७५ | ९७०६०४१४१५ |
| २ | सुकदेव मण्डल | सबैला ०७ | चन्द्रदिप मण्डल | मौजे मण्डल | २४४७३ | सरल कृषि कर्जा | ५००००० | २४०३।५६ | ५०२४०३।५६ | ५५०२५७५ | ९७०६०४१४१५ |
| ३ | जगतारनी देवी | गणेशमान चारनाथ ०२ | देव शरण राउत | बेचन राउत | २४२८७ | सरल कृषि कर्जा | ९००००० | २८४२४ | ९२८४२४ | ५१९३०४० | ९८०७८४०८१२ |
| ४ | जय कुमार यादव | सबैला ११ | हेमलाल यादव | बतहु यादव | २४३४८ | सरल कृषि कर्जा | १०००००० | १९६१३।८७ | १०१९६१३।८७ | ५३७६६४६ | ९८१६८२२३१५ |
| ५ | कारी यादव | मखनाहा ०४ | फौदी राउत | मनोग यादव | ४८३० | सरल कृषि कर्जा | ९००००० | १८०००।३१ | ९१८०००।३१ | ९८७४४५ | |
| ६ | ललिता देवी | भूतही पटेर्वा ०४ | राजेश्वर मण्डल | देवलाल मण्डल | २४०२४ | सरल कृषि कर्जा | ६००००० | १०९३६।६२ | ६१०९३६।६२ | १७११७०७ | ९८१४८०२५८३ |
| ७ | हरि नारायण यादव | डुमरीया ०९ | शिव नारायण यादव | महन्थी यादव | २४४५६ | सरल कृषि कर्जा | १४००००० | ४३८२७८५ | १४४३८२७८५ | ५४९६६३६ | ९८४४०२४९४० |
| ८ | मूखिया माछा फार्म प्रा.लि.प्रो कन्हैया मूखिया | शहिदनगर न.पा. ०४ | बौए लाल मूखिया | दूखरन मूखिया | २४५८२ | सहुलियत कर्जा | १२०००००० | १४०३३७७४४ | १३४०३३७७४४ | १७३९७३० | ९८५४०२८९८० |
| ९ | मूखिया माछा फार्म प्रा.लि.प्रो कन्हैया मूखिया | शहिदनगर न.पा. ०४ | बौए लाल मूखिया | दूखरन मूखिया | २४५८२ | सहुलियत कर्जा (स्थीर) | ६५५०७१६।४२ | ५०५८७५।३४ | ७०५६५९१।७६ | १७३९७३० | ९८५४०२८९८० |

कृषि विकास बैंक लि.
मधेश प्रदेश कार्यालय, जनकपुर

# प्रदेश सभाको बैठक नबस्दै तलबमा १ करोड ४० लाख सखाप

**टुडे समाचारदाता**



जनकपुरधाम । मधेश प्रदेश सभाको बैठक नबन्दै करोडौ रुपैया खर्च भइरहेको छ । मधेश प्रदेश सभा सचिवालयका अनुसार साढे दुई महिनादेखि प्रदेश सभाको बैठक बसेको छैन । तर प्रदेश सांसदहरुको तलबभक्तामा मात्रै तलबभत्तामा मात्रै करिब १ करोड ४० लाख रुपैयाँ खर्च भएको जनाइएको छ ।

साढे दुई महिनादेखि प्रदेश सभाको बैठक बस्न नसकेको बारे सभामुख रामअशिष यादवले चासो देखाएका छन् । प्रदेश सभाको बैठक बस्न नसकेको बारे उनले भने प्रदेश सभा बैठक आह्वानका विषयमा आफूले मुख्यमन्त्री कृष्णप्रसाद यादवसँग पटकपटक ध्यानाकर्षण गराएपनि चासो लिइएको छैन ।

उनका अनुसार प्रदेश सभा लामो समयदेखि बैठकविहीन हुँदा विधायिकी काम प्रभावित हुनुका साथै प्रदेशसभा सदस्यहरू जनप्रतिनिधिको मुख्य जिम्मेवारीबाट समेत टाढा रहनुपर्ने अवस्था बनेको छ । सभामुख यादवले प्रदेश सभा बैठक सञ्चालन गर्ने विषय सरकारले प्राथमिकतामा हेर्नुपर्ने बताए ।

मुख्यमन्त्रीसँगको भेट तथा छलफलमा बैठक आह्वानका लागि पटकपटक ध्यानाकर्षण गराएपनि अहिलेसम्म मन्त्रिपरिषद्बाट औपचारिक निर्णय नआएको भनी जवाफ दिने गरिएको उनले बताए ।

प्रदेश सभा बैठक नबसे पनि प्रदेश सभा सदस्यहरूको तलबभत्ता लगायतका शीर्षकमा राज्यकोषबाट खर्च भने भइरहेको छ । बैठक सञ्चालन नभएको अवस्थामा समेत ठूलो रकम तलबभत्तामा खर्च भइरहँदा प्रदेश सभा सञ्चालनमा सरकारको उदासीनताप्रति प्रश्न उठेको छ ।

प्रदेश सभाको बैठक नियमित रूपमा सञ्चालन गरी आवश्यक कानुन निर्माण, सरकारका काम कारबाहीमाथि छलफल तथा जनताका समस्या सदनमा उठाउने वातावरण निर्माणपति प्रदेश सरकार चनाखो हुनु पर्यो उनको भनाई छ ।

# चाडपर्व लक्षित विशेष सुरक्षा परिचालन

**टुडे समाचारदाता**



जनकपुरधाम । धनुषामा चाडपर्वलाई लक्षित गरी सुरक्षा व्यवस्था कडा बनाइने भएको छ । हिन्दूहरुको महापर्व भनिएका दशैं, तिहार तथा छठलाई लक्षित गर्दै जिल्ला प्रहरी कार्यालय धनुषाले विशेष सुरक्षा योजना परिचालन जनाइएको छ ।

जिल्ला प्रहरी कार्यालय धनुषाले शुक्रबार एक पत्रकार उसम्मेलन आयोजना गरी चाडपर्व लक्षित विशेष सुरक्षा योजना बारे जानकारी दिदै प्रहरी प्रमुख एसपी रुपेश खड्काले भने विशेष सुरक्षा योजना अन्तर्गत पिकेट, पैदल गस्ती, बजार अनुगमन, मोबाइल टोली र रिफ्रेश प्वाईन्ट लगायतको व्यवस्था गर्ने तयारी रहेको भने ।

उनका अनुसार जिल्लाका संवेदनशिल क्षेत्रमा ७० वटा ठाउँमा पिकेट टोली राखिने छ भने आवश्यकता र औचित्यको आधारमा आकास्मिक रुपमा परिचालन गर्न ४६ वटा पैदल गस्ती, बजार अनुगमनका लागि ७ टोली परिचालन गरिनेछ ।

यस्तै, स्वीप अपरेशनका लागि ७ वटा ठाउँ पहिचान गरिएको छ भने सोही अनुसार प्रहरी परिचालनसहित विपद् प्रतिकार्यका लागि १५ वटा टिम, गाडी मोबाइल १३ वटा, लालगढमा एउटा रिफ्रेस सेन्टर, लामो दुरीका सवारी साधन चेकजाँच गर्न २ स्थान, दैनिक आरएससीसी चेकिंगको व्यवस्था गरिने तयारी अघि बढाइएको प्रहरी प्रमुख खड्काले बताए ।

चाडपर्वको समयमा बैंक तथा वित्तीय संस्था, सुन-चाँदी पसल, मोटरसाइकल चोरीका लागि बीएसपी सुरक्षा कार्ययोजना तयार पारिएको जानकारी दिँदै उनले चाडपर्व लक्षित सुरक्षा योजनामा जम्मा एक हजार २ सय ११ प्रहरी परिचालन समेत गरिनेछ ।

पत्रकार सम्मेलनमा उनले जेठ २३ गतेदेखि असोज १५ गतेसम्म जिल्ला प्रहरी कार्यालयबाट भएको गतिविधिको बारेमा जानकारी उनले दिए । उनका अनुसार यसअवधिमा ५९९ वटा मुद्दा दर्ता भएकोमा ५९० वटा फछ्र्यौट भएको छ ।

त्यस्तै, अनुसन्धानमा ६६ वटा चालु मुद्दा रहेको भने विगतदेखि हालसम्म १ हजार २७० वटा पेण्डिंग मुद्दा रहेको जानकारी समेत उनले दिए । फैसला कार्यान्वयको क्रममा यस अवधिमा ६३८ जना फरार प्रतिवादी पक्राउ परेको छ र तिनीहरुबाट अदालतले तोकेको २ सय ३० वर्ष ९ महिना २६ दिन कैद तथा २ करोड १४ लाख ९१ हजार ५ सय ४२ रुपैयाँ जरिवाना कार्यान्वयनका लागि असुलउपर गरिएको एसपी खड्काले बताए ।

सीमा क्षेत्रमा हुने चोरी निकासी तथा अवैध कारोबार नियन्त्रणका क्रममा प्रहरीले ८६ लाख ९६ हजार ८ सय ६६ रुपैयाँ बराबरको सवार ासाधन, लत्ताकपडा तथा किराना सामग्री बरामद गरेको जनाएको छ । बरामद गरिएका सामान आवश्यक कारबाहीका लागि भन्सार कार्यालय जनकपुर पठाइएको छ । सो क्रममा ११ वटा मोटरसाइकल समेत बरामद गरिएको छ ।

लागूऔषध नियन्त्रण अभियानअन्तर्गत प्रहरीले विभिन्न स्थानबाट ३९ जनालाई पक्राउ गरेको छ । उनीहरूको साथबाट ४ सय ७५ दशमलव ५१६ किलो गाँजा, ४ सय २३ दशमलव १ ग्राम ब्राउन सुगर, ८ सय १० थान नाइट्रोभेट ट्याब्लेट तथा डाइजिपामलगायतका २ हजार ४ सय ८७ थान इन्जेक्सन एम्पुल बरामद गरिएको प्रहरी प्रमुख खडकाले बताए ।

प्रहरीका अनुसार उक्त अवधिमा घरेलु हिंसासम्बन्धी ३ सय ७७ वटा उजुरी परेका थिए । तीमध्ये ३ सय ४९ वटा उजुरीमा मिलापत्र गरिएको छ भने २८ वटा उजुरी अनुसन्धान प्रक्रियामा रहेका छन् । सामाजिक हिंसासम्बन्धी ३ सय २० वटा उजुरी परेकोमा २ सय ९६ वटा मिलापत्र गरिएको र २४ वटा उजुरी अनुसन्धानका क्रममा रहेको उनले जनाए ।

मानिस खोजतलासतर्फ धनुषामा विभिन्न समयमा हराएका २ सय १ जनाको विवरण प्रहरीले प्राप्त गरेको जनाएको छ । हराउनेमा ८७ महिला, २० बालक र ८९ बालिका रहेका छन् । प्रहरीको खोजतलासबाट हालसम्म १ सय ३३ जना फेला परिसकेका छन् भने ६८ जनाको खोजतलास जारी रहेको छ ।

# गत वर्षको झुला दुर्घटना याद छ कि बिर्सिनु भयो ?

ब्लग :



श्यामसुन्दर शशि

वडा दशैंको आगमनसंगै जनकपुरधामको मुटु भनिने राम मन्दिर परिसर झकिझकाउ हुन्छ । दुर्गा प्रतिमा निर्माण हुने रामानन्द चोक, जीरोमाइल, विद्यापति चोक, पूल चोक आदि स्थान पनि रंगिचंगी हुन्छन् । राजदेवी मन्दिर, बौधीमाई, अमरखना मन्दिर, पिडरियामाई मन्दिर, सोनासतीमाई मन्दिरलगायतका शक्तिपीठहरुलाई विशेष साजसृंगार गरिन्छ । गोपाल धर्मशालामा लाग्ने दशैं बजार तथा पछिल्लो केही वर्षदेखि नव मिथिला फाउण्डेशनले आयोजना गर्न लागेको झिझिया महोत्सवले जनकपुरधाम उत्सवमय बन्छ ।

वर्षभरि आ-आफ्ना बन्द-व्यावसायका लागि रहने जनकपुरधामका युवाहरु गणेश पूजादेखि छठ पर्वसम्म अत्यधिक व्यस्त रहन्छन् । स्थानीय युवाहरुको सक्रियतामा सञ्चालित श्रीराम युवा कमिटी, महावीर युवा कमिटी, गणेश युवा कमिटी, रामनन्द युवा कमिटी, विद्यापति युवा क्लब आदिका मिहिनती युवाहरुको सक्रियतालाई धन्यवाद दिनैपर्ने हुन्छ । युवाहरुकै सक्रियताका कारण आज जनकपुरधामको दशैं चर्चित बनेको छ । छठि महापर्व अवलोकन, अध्ययन तथा अनुसन्धान गर्न देशीविदेशी पर्यटक तथा अन्वेषकहरु आउन थालेका छन् । सरकारले गनुपर्ने काम यहाँका युवा कमिटीहरुले गरेका छन् । यसअर्थमा स्थानीय युवा क्लवहरुलाई धन्यवाद दिनै पर्ने हुन्छ ।

तर, हजारौं श्रद्धालुको सहभागिता रहने दशैं मेलाको व्यवस्थापन माथि सवालहरु पनि थुप्रै छन् । मेला अवधिभरि हुने ध्वनी प्रदुषण, शान्ति सुरक्षा, ट्राफिक व्यवस्थापन, श्रद्धालु तथा यिनीहरुका जुत्ता-चप्पल व्यवस्थापन चुनौतीको रुपमा देखा परेका छन् । यी चुनौतीहरुमध्ये केही स्थानीय प्रशासनसंग, केही मेला आयोजक संघ-संस्थाहरुसंग तथा केही चन्दाको नाममा रकम असूली गर्ने युवा कमिटीहरुको रणनीतिसंग सम्बन्धित छन् ।

दशैं-तिहारदेखि छठिसम्मको सुरक्षा व्यवस्थाबारे प्रहरी उपरीक्षक रुपेश खड्काले शुक्रबार पत्रकार सम्मेलन गरेर जानकारी दिएका थिए । एसपी खड्का अनुसार, पर्व-तिहारमा सुरक्षा व्यवस्था बनाई राख्न, १ हजार २ सय ११ सुरक्षाकर्मी परिचालन गरिने, ७० वटा पिकेट तथा ४६ वटा पैदल गस्ती परिचालन गरिने छ । तर एसपी खड्काले गत वर्ष दशैंको अवसरमा राम मन्दिर प्राङ्गणमा लगाइएको रमाइलो मेलामा भएको झुला दुर्घटनाबारे केही बोल्न सक्नु भएन ।

जिल्ला सुरक्षा संयन्त्रमा रहने जनपथ, सशस्त्र तथा अनुसन्धानका एसपी साहेबहरु नयाँ छन् । तर प्रमुख जिल्ला अधिकारी, नगर प्रमुख, गुठी संस्थानका प्रमुख, मेला आयोजक संघ संस्थाका पदाधिकारीसंगै जनकपुरधामवासी त पुरानै छन् । उनीहरुले गत वर्षको वडा दशैंमा राम मन्दिर प्राङ्गणमा भएको झूला दुर्घटना आफ्नै आँखाले देखेका थिए । झुलाको एउटा पिलर भासिदा आधा दर्जन बालबालिका घन्टौंसम्ममाथि फसेका थिए । सयौं फिट माथि आकाशमा रोकिएका बालबालिकाको त्रास, ती नानीहरुका आमाबुबाका पीडा अनुभव गर्न त्यो त्रासदीमा फसेका नानीबाबुको आफन्त भएर मात्र अनुभव गर्न सकिन्छ । राजदेवी माताको कृपाले ती बाबू नानीहरुलाई सुरक्षित अवतरण गर्न सकिएको थियो ।

प्राप्त जानकारी अनुसार, यस वर्ष पुनः त्यही झुला जडान गरिँदैछ । ज्यान जानेसम्मको जोखिम भएको यस्तो झुला जडान गर्दा स्थानीय प्रशासनसंग अनुमति लिनु पर्ने हो । झुला सञ्चालन गर्नेले सेवाग्राहीको बीमा गरेको छ कि छैन, यसको हेक्का पनि राख्नु पर्ने हो । भाडा वापत केही रुपियाँ चन्दा आउलान् भने उद्देश्यले कसैको ज्यानसंग खेलवाड गर्ने छुट कसैलाई छैन ।

शक्तिपीठहरुको साजसृंगारको नाममा राजदेवी मन्दिरको वरिपरी सडकमै बाँस खडा गरेर ठुल-ठुला प्रवेशद्वार, पण्डाल आदि निर्माण गरिँदैछ । एकातिर यी पण्डालको कारण सडक सांगुरो हुन्छ । अर्कोतिर फुटपैथमा पसल लगाउनेहरु फुटपाथसंगै सडकको दुबैपट्टी पसल थापेर बस्छन् । यस वर्ष पुनः राम मन्दिर अगाडिको पार्क र बौधी माई मन्दिरको खाली स्थानमा व्यावसायिक प्रयोजनका रमाइलो मेला लगाइएको छ । अर्को शब्दमा भनौं भने राजदेवी मन्दिर वरिपरीका सडक र चोक मीना बजार जस्तै बन्ने छ । वडा दशैंको उत्तरार्ध अर्थात् फूलपाती, खौंइछ भराई, प्रसाद चढाउने तथा बोकावलीको दिन एक लाखभन्दा अधिक श्रद्धालु भेला हुन्छन् । मेला आयोजक तथा स्थानीय प्रशासनले आत्ममन्थन गरेका छन् - कथंकदाचित भिड अनियन्त्रित भयो । भगदडमच्यो । सर्टसर्किट भयो वा गत वर्ष जस्तै झुला भत्कियो भने घटना स्थलसम्म एम्बुलेन्स, टिपर, क्रेन आदि कसरी ल्याउने ? वृद्धवृद्धा, बाल-बालिका र महिलाहरुलाई कुन खाली स्थानमा सुरक्षित राख्ने ? सुरक्षाविज्ञहरुलाई राम्ररी थाहा छ- यस्तो विषम परिस्थितिमा खाली स्थान आवश्यक हुन्छ । जहाँ भीडलाई व्यवस्थान गर्न सकियोस् । घाइतेहरुलाई उपचार गर्न सकियोस् । तर दुर्भाग्य राजदेवी मन्दिरसंगै टाँसिएको राम मन्दिर अगाडिको पार्कमा यस वर्ष पुनः रमाइलो मेला लगाइएको छ ।



राजदेवी मन्दिर र बौधीमाई मन्दिरमा बज्ने बेग्लाबेग्लै लाउड स्पीकरको चर्कोध्वनीले श्रद्धालुसंगै स्थानीयवासी वाक्दिक्क हुन्छन् । विश्व स्वास्थ्य संगठनले दिनको समयमा ६५ डिसिबल र रातिको समयमा ५५ डिसिबल भन्दाचर्को स्वरलाई ध्वनी प्रदुषणको श्रेणीमा राखेको छ । ७५ डिसिबलभन्दा चर्को ध्वनी स्वास्थ्यको लागि हानिकारक हुन्छ । १२० डिसिबलको ध्वनीले गर्भवती महिलाहरुको गर्भ तुहिने, कानको जाली फुट्ने, हृदयघात हुने, बालबालिकामा बहिरोपन तथा मानसिक समस्या उत्पन्न हुन सक्छ ।

जनकपुरधामका पर्व-तिहारहरुलाई वैश्विक पहिचान दिलाउन यहाँका युवा क्लबहरुको भूमिका सराहनीय छ । यसका लागि यिनीहरु धन्यवादका पात्र हुन्, तर आयोजक संस्थाहरुले ध्वनी प्रदुषण, शान्ति सुरक्षा, मौलिक गीत संगीत आदिको विषयमा पनि ध्यान पुऱ्याउन सके सुनमा सुहागा जस्तै हुनेछ । राजदेवी माताले रक्षा गरुन् ।

# मंसिर ४ गतेदेखि प्यानको तेश्रो राष्ट्रिय सम्मेलन

**टुडे समाचारदाता**



जनकपुरधाम । 'सँगै सिकौं, सँगै सोचौं, सँगै योजना बनाऔं, सँगै विद्यालय बनाऔं' भन्ने मूल नाराका साथ प्रधानाध्यापक संघ नेपाल (प्यान) को तेश्रो राष्ट्रिय शिखर सम्मेलन आगामी मंसिर ४ गतेदेखि जनकपुरधाममा आयोजना हुने भएको छ ।

सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुको संगठन प्यानको केन्द्रीय समितिद्वारा जनकपुरधाममा आयोजित पत्रकार सम्मेलनमा आगामी मंसिर ४ देखि ६ गतेसम्म 'तेस्रो राष्ट्रिय शिखर सम्मेलन-२०८३' आयोजना गरिने तयारी गरिएको जानकारी गराइएको हो ।

पत्रकार सम्मेलनमा सहभागी प्यानका केन्द्रिय अध्यक्ष सुदाम गौतमले कार्यक्रम बारे जानकारी दिदै भने सम्मेलनमा अन्तरष्ट्रिय सहित देशभरका सातै प्रदेशबाट १२ सयभन्दा प्रधानाध्यापक, शिक्षक, शिक्षाविद्, स्थानीय तहका प्रमुख, जनप्रतिनिधि, शिक्षा मन्त्रालयका नीतिनिर्माता तथा विकास साझेदारहरूको प्रत्यक्ष सहभागिता रहनेछ ।

देशकै सामुदायिक विद्यालयहरुको शिक्षा सुधारको दीर्घकालीन मार्गचित्र तयार गर्ने प्रमुख लक्ष्य राखिएको छ भने सम्मेलनमा व्यापक छलफल र निष्कर्षका आधारमा ' जनकपुर घोषणापत्र' जारी गरिने उनले जनाए ।

घोषणापत्रमा विद्यालय शिक्षाको गुणस्तर सुधार, समतामूलक पहुँच, शिक्षकको पेसागत मर्यादा तथा शैक्षिक अधिकार कार्यान्वयनका लागि साझा प्रतिबद्धता समेटिने उनले भने ।

सम्मेलनमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय ख्यातिप्राप्त शिक्षाविद्हरूले मूल कार्यपत्र प्रस्तुत गरिनेछ भने संघीय तथा प्रदेश सांसदहरू र स्थानीय सरकारका प्रमुखहरूसँग विद्यालय शिक्षा विधेयक तथा नीतिगत चुनौतीबारे खुला बहसका साथै डिजिटल सिकाइ, विद्यालय प्रशासन, समावेशी शिक्षा, मानसिक स्वास्थ्य र नेतृत्व कलाजस्ता विषयमा विशेषज्ञ सत्र समेत सञ्चालन गरिने उनले बताए ।

सो अवसरमा शिक्षा क्षेत्रमा उत्कृष्ट योगदान पुऱ्याउने विद्यालय, प्रधानाध्यापक, स्थानीय तह तथा सञ्चारकर्मीलाई विभिन्न विधामा सम्मान तथा पुरस्कार प्रदान गरिनेछ । सातै प्रदेशबाट आधारभूत तहका ७ र माध्यमिक तहका ७ गरी १४ विद्यालयलाई 'बेस्ट स्कुल अफ द इयर' तथा आधारभूत तहका ७ र माध्यमिक तहका ७ गरी १४ प्रधानाध्यापकलाई 'बेस्ट प्रिन्सिपल अफ द इयर' पुरस्कार प्रदान गरिने उनले जानकारी दिए ।

यस्तै, उत्कृष्ट गाउँपालिका ७, नगरपालिका ७ तथा महानगरपालिका / उपमहानगरपालिकामध्ये २ स्थानीय तहलाई उत्कृष्ट स्थानीय तह सम्मान प्रदान गर्ने कार्यक्रम रहेको छ । शिक्षा पत्रकारितामा सक्रिय एक महिला र एक पुरुष सञ्चारकर्मीलाई 'बेस्ट एजुकेसन जर्नालिस्ट अवार्ड' तथा शिक्षा क्षेत्रमा दीर्घकालीन योगदान पुऱ्याउने एक विशिष्ट व्यक्तित्वलाई 'नेसनल एजुकेसन अवार्ड' प्रदान गरिने उनले बताए ।

# आँखा अस्पतालमा महतोले गरे पदभार ग्रहण

**टुडे समाचारदाता**



जनकपुरधाम । नेपाल रेडक्रस सोसाइटी धनुषाका सभापति पंकज कुमार महतोले जनकपुरधामस्थित जानकी आँखा अस्पतालको व्यवस्थापन तथा सञ्चालनको जिम्मेवारी सम्हालेसँगै पदभार ग्रहण गरेका छन् ।

नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले अर्को व्यवस्था नभएसम्मका लागि अस्पतालको अल्पकालीन व्यवस्थापनको जिम्मेवारी धनुषा जिल्ला तदर्थ समितिलाई दिएपछि सभापति महतोले बिहीवार औपचारिक रूपमा पदभार ग्रहण गरेका हुन् ।

केन्द्रीय कार्यालयका महामन्त्री ऋषिरमण खनालले जिल्ला तदर्थ समितिका सभापति महतोलाई बुधबार पत्र पठाउँदै अस्पतालको व्यवस्थापन तथा सञ्चालनलाई व्यवस्थित र प्रभावकारी रूपमा निरन्तरता दिन अन्तरिम व्यवस्थाका रूपमा जिम्मेवारी प्रदान गरेका थिए ।

पदभार ग्रहण गर्दै सभापति महतोले अस्पतालको नियमित सेवा प्रवाहमा कुनै अवरोध आउन नदिने तथा बिरामीलाई सहज र प्रभावकारी रूपमा सेवा उपलब्ध गराउनेतर्फ प्राथमिकता दिने बताएका छन् ।

केन्द्रीय कार्यालयले अस्पताल सञ्चालनका क्रममा आवश्यक समन्वय तथा परामर्श केन्द्रीय कार्यालयसँग गर्न, रेडक्रस सोसाइटीको नीति, नियम तथा प्रचलित व्यवस्थाअनुसार कार्यसम्पादन गर्न निर्देशन दिएको छ ।

यस्तै, अस्पतालसँग सम्बन्धित महत्वपूर्ण निर्णय तथा संवेदनशील विषयमा केन्द्रीय कार्यालयसँग आवश्यक समन्वय गरेर मात्रै निर्णय लिनसमेत निर्देशन दिइएको छ । जानकी आँखा अस्पताल नेपाल रेडक्रस सोसाइटीअन्तर्गत सञ्चालन हुँदै आएको जनकपुरधामको महत्वपूर्ण आँखा उपचार केन्द्र हो ।

अस्पतालको व्यवस्थापनमा देखिएका पछिल्ला विषयलाई सम्बोधन गर्दै सेवा प्रवाहलाई निरन्तरता दिन केन्द्रीय कार्यालयले तत्कालका लागि धनुषा जिल्ला तदर्थ समितिलाई व्यवस्थापनको जिम्मेवारी दिएको हो । यो जिम्मेवारी अर्को व्यवस्था नभएसम्मका लागि मात्र लागू हुने नेपाल रेडक्रस सोसाइटी केन्द्रीय कार्यालयले जनाएको छ ।

# मधेश प्रदेशमा अनलाइन उद्योग दर्ता सेवा शुरु



**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशमा उद्योग व्यवस्थापन सूचना प्रणाली (आईएमआईएस) मार्फत अनलाइन उद्योग दर्ता तथा नवीकरणलगायतका सेवा औपचारिक रूपमा शुरु भएको छ ।

जनकपुरधाममा शुक्रबार उद्योग, वाणिज्य तथा पर्यटनमन्त्री कनिष पटेलले अनलाइन उद्योग दर्ता सेवाको उद्घाटन गर्दै अब उद्योगी तथा उद्यमीले सम्बन्धित कार्यालयमा पटक-पटक धाउनुपर्ने बाध्यता अन्त्य भएको बताएका छन् ।

मन्त्री पटेलले सेवाग्राहीले घरमै बसेर अनलाइनमार्फत उद्योग दर्ताका लागि आवश्यक प्रक्रिया पूरा गरी उद्योग सञ्चालन गर्न सक्ने व्यवस्था मधेश प्रदेशबाट शुरु गरिएको बताए । उनले अनलाइन प्रणालीबाट उद्योग दर्ता गर्न सकिने विषयलाई आम नागरिकसम्म पुऱ्याउन आवश्यक रहेको बताए ।

विदेशमा रोजगारीका लागि जान चाहने युवालाई लक्षित गर्दै मन्त्री पटेलले विदेश जानका लागि खर्च गर्ने रकमलाई आफ्नै गाउँठाउँमा साना तथा मझौला उद्योग स्थापना गर्न लगानी गर्न आग्रह गरे। अनलाइन सेवा शुरु भएसँगै उद्योगी तथा उद्यमीलाई सहज रूपमा सेवा उपलब्ध हुने उनले विश्वास व्यक्त गरे ।

उद्योग विभागकी महानिर्देशक रीया साहले मधेश प्रदेशका आठवटै जिल्लाबाट साना तथा मझौला उद्योग अनलाइनमार्फत दर्ता गर्न सकिने जानकारी दिइन् ।

महानिर्देशक साहले जनाए अनुसार उद्योग दर्ताका लागि अनलाइन फारम भरेपछि आवश्यक कागजातसमेत अनलाइनमार्फत अपलोड गर्नुपर्नेछ । प्राप्त विवरण र कागजातको आधारमा सम्बन्धित कार्यालयले प्रक्रिया अघि बढाउनेछ । दर्ता प्रक्रियाबारे सेवाग्राहीलाई सम्पर्क वा अनलाइन माध्यमबाट जानकारी गराइनेछ ।

दर्ताको अन्तिम चरणमा आवश्यक परे सम्बन्धित कार्यालयबाट उद्योग दर्ता प्रमाणपत्र उपलब्ध गराउने व्यवस्था गरिएको साहले बताइन् ।

उनले सेवाग्राहीका समस्या तथा गुनासा सम्बोधन गर्न सम्बन्धित कार्यालयमा सम्पर्क व्यक्ति तोक्ने तयारीसमेत भइरहेको जानकारी दिइन् । सम्पर्क व्यक्तिमार्फत सेवाग्राहीले अनलाइन उद्योग दर्तासँग सम्बन्धित समस्या तथा कठिनाइबारे जानकारी गराउन सक्ने व्यवस्था मिलाइने उनको भनाइ छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८